## नेपाल पत्रकार महासंघ

# २७औं महाधिवेशन

२१-२२ वैशाख, २०८१

काठमाडौं

# सांगठनिक तथा प्रगति प्रतिवेदन

## रोसन पुरी, महासचिव

**अध्यक्ष मण्डलका अध्यक्षज्यू, अध्यक्षमण्डलका सदस्यज्यू, महासंघका पूर्वअध्यक्षज्यू, तथा उपस्थित सम्पूर्ण राष्ट्रिय परिषद् सदस्यज्यू**

नेपाल पत्रकार महासंघको २७औँ केन्द्रीय महाविधेशनमा केन्द्रीय समितिको तर्फबाट म राजधानी काठमाडौंस्थित राष्ट्रिय सभागृहको सभाहलमा तपाईंलाई हार्दिक स्वागत गर्दछु। सबैभन्दा पहिले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनमा ज्यान गुमाउने सम्पूर्ण पत्रकारप्रति उच्च सम्मानसहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। जहाज दुर्घटनामा परेर ज्यान गुमाउने केन्द्रीय सदस्य त्रिभुवन पौडेल, कोरोना भाइरसको संक्रमणबाट ज्यान गुमाउने, कामको सिलसिलामा विभिन्न कारणबाट र अन्य रोगबाट तथा दुर्घटनामा दिवंगत सम्पूर्ण पत्रकारप्रति पनि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै म महासंघ केन्द्रीय समितिको तर्फबाट महासंघको तीनवर्षे कार्यप्रगति, सांगठनिक तथा भावी कार्यक्रमसम्बन्धी प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु।

नेपाली पत्रकारको साझा संस्था नेपाल पत्रकार महासंघ स्थापनाकालदेखि नै पत्रकारको पेशागत हकहित र श्रमअधिकारको पक्षमा सक्रिय छ। महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, राष्ट्रिय हित र नागरिक अधिकारको रक्षा एवम् व्यवसायिक पत्रकारिताको विकासका लागि पनि नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। महासंघले नेपालको राजनीतिक व्यवस्था परिवर्तन र लोकतान्त्रिक संस्कारको अनुकरणका लागि विभिन्न समयमा विभिन्न क्रियाकलाप गर्दै आइरहेको छ। २०६२/०६३ को जनआन्दोलन ताका लोकतान्त्रिक गणतन्त्रको एजेण्डा महासंघको बैठकमै प्रस्तावको रुपमा आएको स्मरणीय छ। समयसँगै महासंघले आफूलाई समयसापेक्ष र आवश्यकताका आधारमा पुर्नसंरचना गर्दै गइरहेको छ। देश संघीयतामा पुगेसँगै त्यसैअनुसारको संगठनात्मक संरचना निर्माण गर्ने महासंघ पहिलो नागरिक संस्था हो।

६९ वर्षको लामो इतिहास बोकेको महासंघ अविछिन्न उत्तराधिकारी संस्थाको रुपमा स्थापित छ। नेपालका नागरिक संस्थामध्ये नेपाल पत्रकार महासंघ सबैभन्दा पहिलो हो। वि.सं २०५३ साल असार ११ गतेदेखि नेपाल पत्रकार संघलाई महासंघको स्वरुपमा पुनर्संरचना गरिएको थियो। २६औँ महाधिवेशनदेखि नेपाल पत्रकार महासंघका सबै तहको नेतृत्व प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत साधारण सदस्यमार्फत् चयन गर्न थालिएको छ। संविधानले प्रत्याभूत गरेको समावेशी र ट्रेड युनियन अधिकारको महासंघले व्यवहारिक अभ्यास गर्दै आइरहेको छ। अहिलेसम्म आइपुग्दा नेपालका विभिन्न जाति, भूगोल र समुदायको प्रतिनिधित्व महासंघमा देख्न सकिन्छ। नागरिक अधिकारको क्षेत्रमा सबैभन्दा पहिलो समावेशी चरित्रको संस्थाको रुपमा महासंघ स्थापित छ। यही विशिष्ट कार्यादेश तथा क्षेत्रका कारण अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे)ले महासंघका बारेमा अन्तर्राष्ट्रिय फोरमहरुमा सकरात्मक चर्चा गर्ने र कतिपय देशलाई यस्तै संरचना निर्माणका लागि तालिम नै दिइने गरेको छ।

नेपाल पत्रकार महासंघले पत्रकारको हित, प्रेस स्वतन्त्रतामात्रै होइन, मुलुकमा लोकतन्त्र, विधिको शासन र नागरिक अधिकारका लागि उठेका आवाजमा विचार तथा अभिव्यक्ति स्वतन्त्रताको आवाज लिएर नागरिक समाजको अगुवाको पहिचान बनाएको छ। पछिल्लो एक दशकदेखि महासंघले फ्रि मिडिया नेटवर्कमार्फत नागरिकका समस्याका विषयमासमेत नागरिकस्तरको छलफल गर्न थालेको छ। नागरिकका दैनिक आवश्यकताका सामग्रीदेखि पत्रकारप्रतिका गुनासाकोसमेत सुनुवाइ गर्न थालिएको छ।

प्रेस स्वतन्त्रताको रक्षा गर्दै स्वच्छ, व्यवसायिक र जिम्मेवार पत्रकारिताको विकासका लागि नेपाली पत्रकारलाई संगठित गरी उनीहरूको पेशागत हकहितको संरक्षण र संवर्द्धनका लागि सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायतका नागरिक अधिकारलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा राष्ट्रको वृहत्तर हितका निम्ति पारदर्शी र न्यायपूर्ण समाजको विकास गर्ने अभीष्टसहित नेपाल पत्रकार महासंघ सक्रिय रहेको छ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, बनेका र बन्दै गरेका विभिन्न कानून, श्रमजीवी पत्रकारका समस्या तथा श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरेका सेवासुविधा प्राप्तिको अवस्था, कोरोना भाइरसको संक्रमणले पत्रकार र सञ्चारमाध्यममा पारेको असर, विश्वव्यापी आर्थिक संकटले पत्रकारिता क्षेत्रमा देखिएको संकट, महासंघको

सांगठनिक पुनर्संरचना, महासंघले थालेको सदस्यता शुद्धीकरण अभियानलगायतका विषयमा केन्द्रित रहेर २७औँ महाधिवेशनमा म महासचिवको प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

**राष्ट्रिय परिषद् सदस्य ज्यू,**

नेपाल पत्रकार महासंघको २६ औं महाधिवेशनबाट निर्वाचित यो कार्यसमितिको अवधि पूरा भइसकेको छ । कोभिड १९ को संक्रमणले बन्द कोठाबाट काम थालिएकोमा अहिले बिस्तारै वातावरण सहज बन्दै गएको छ । तर, पत्रकारिता क्षेत्रमा नयाँ नयाँ खालका चुनौती आएका छन् । महासंघको विधान, चुनावका बेलामा घोषणा गरिएका प्रतिवद्धता, विश्वव्यापी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अभ्यासअनुसार काम थालिए पनि कोरोना महामारीको असर, त्यस लगत्तै विश्वव्यापी आर्थिक संकटले पत्रकारिता क्षेत्रमा निम्ताएको चुनौतीमा यो कार्यकाल केन्द्रित बनेको छ । पछिल्लो एक वर्ष भन्दा धेरै समयदेखि भने महासंघले सदस्यता शुद्धीकरण अभियानलाई मूल कामका लागि समय खर्चिएको छ ।

कोरोना कालमा मास्क, स्यानिटाइजर वितरणदेखि भ्याक्सिनसम्मका काममा महासंघले उदाहरणीय काम गरेको छ । कोभिडकै कहरकाबीचमा हामीले तीन वर्षको कार्ययोजना बनाएर काम थालेका थियौँ । श्रमजीवी पत्रकारको हित, सञ्चार कानून निर्माणमा उल्लेखनीय भूमिका, शुद्धीकरण अभियानमा शाखा, प्रदेश र केन्द्रीय समितिले आफ्नो ध्यान केन्द्रित गरेर काम गरेका छौँ । मकवानपुरको दामनमा बसेको केन्द्रीय समिति बैठकले कार्ययोजना बनाए पनि कोरोना महामारीलगायतका विभिन्न कारणले गर्दा त्यसअनुसार केही काम भने गर्न नसकिएको कुरा यो गरिमामय साधारणसभामा राख्न चाहन्छु ।

विश्वव्यापी कोरोना महामारी, अस्थिर राजनीतिक अवस्था, संचार जगतमा विद्यमान असंख्य समस्या, श्रमजीवी पत्रकारका सदावहार मुद्दा र अत्यन्तै न्यून स्रोत साधनलगायतका चुनौतीसँगै हामीले आफ्नो कार्यकाल प्रारम्भ गरेका थियौँ । ती सबै चुनौती र समस्याको समाधान केही आंशिक रुपमा भएका छन् । महासंघ आफैले गर्नसक्ने कामहरू गर्न अलि सजिलो थियो, ती भएका पनि छन् । सरकार या अर्को पक्षसँग भर पर्नुपर्ने विषयमा केही प्रगति त भएका छन् तर परिणाममा पुग्न अझै पनि बाँकी नै रहेको म जानकारी गराउन चाहन्छु । अबको तीन वर्षका लागि निर्माण भएको कार्ययोजनाअनुसार आगामी नेतृत्व क्रियाशील बन्नु पर्ने देखिएको छ ।

**अध्यक्ष मण्डल,**

महासंघको सुर्खेत साधारणसभाबाट प्राप्त सदस्य नवीकरण र नयाँ सदस्यताको शुद्धीकरणको निर्देशअनुसार पछिल्लो डेढ वर्ष हाम्रा सबै संरचनाले काम गरेका छन् । महासंघले गर्दै आएका काम र तय गरिएका कतिपय नीतिगत निर्णयहरू महाधिवेशनको दस्तावेजबाट सञ्चालित हुने भए पनि मूलतः संगठन सञ्चालनको आधारभूत दस्तावेज भने महासंघको विधान हो । त्यसैका आधारमा महासंघका गतिविधिहरू भने नियमित नै सञ्चालित हुँदै आएका छन् । महासंघको कार्यसञ्चालन पद्धतिको अध्ययन, कार्यान्वयनको अवस्था र नीतिगत पक्षको विश्लेषण गरेर यो प्रतिवेदन तयार गरेको छु ।

नयाँ कार्यसमितिपछि बसेका पूर्ण केन्द्रीय समिति बैठक, उपलब्ध केन्द्रीय समिति बैठक, उपलब्ध पदाधिकारी बैठक र कतिपय अवस्थामा सचिवालयका निर्णय तथा विषयवस्तु, महासंघका पूर्व पदाधिकारी एवम् सदस्यका सुझाव र कार्यान्वयनको अवस्थाको समीक्षात्मक दस्तावेजका रुपमा यो प्रतिवेदनलाई ग्रहण गरिदिन म आग्रह गर्दछु । प्रतिवेदनमा नयाँ कार्यसमिति आएपछि भएका निर्णय, तिनको कार्यान्वयनको अवस्था र अहिलेसम्मका गतिविधिको समीक्षा गरिएको छ । नयाँ कार्यसमितिलाई अनुभवसहितको सुझावको रुपमा पनि यो प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १.प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता

नेपाल पत्रकार महासंघले विसं २०५६ सालदेखि नेपालमा हुने प्रेस स्वतन्त्रता हननका घटनाको निरन्तर अनुगमन तथा अभिलेखिकरण गर्दै आइरहेको छ । यसका लागि महासंघले प्रेस स्वतन्त्रता अनुगमन इकाई खडा गरी निरन्तर अनुगमन गर्ने र घटनाको प्रकृति अनुसारको पहलकदमी लिने गरेको छ । महासंघले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखिकरणका लागि अनलाइन डाटाबेस तयार गरी सबै घटनालाई रेकर्ड गर्ने गरेको छ। डाटाबेस महासंघको वेबसाइटमा सबैले सजिलै हेर्न सकिने गरी राखिएको छ ।

डाटाबेसमा महासंघमा जानकारी हुन आएका सम्पूर्ण घटनाहरुलाई रेकर्ड गरी ती घटनाले प्रेस स्वतन्त्रतामाथि आँच पुऱ्याउन सक्ने खालका हुन् वा पत्रकारमाथि भए पनि प्रेस स्वतन्त्रतासँग असम्बन्धित वा अन्य कुनै अवस्थामा भएका हुन् भनि समीक्षा गरी छुट्टा छुट्टै रेकर्ड गर्ने व्यवस्था गरिएको छ । महासंघले वि.सं. २०७१ मा प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मापदण्ड तयार गरेको थियो । त्यस मापदण्डमा प्रेस स्वतन्त्रता हननका घटनालाई वर्गीकरण गरी व्यवस्थित अभिलेखिकरण गर्ने व्यवस्था गरिएको थियो ।

महासंघले विभिन्न सरोकारवाला पक्षहरुसँगको परामर्श र सहकार्यमा उक्त मापदण्डलाई विसं २०७३ मा संशोधन गरी सोही अनुसार अभिलेखिकरण गर्ने व्यवस्था गरेको छ । पत्रकारले पत्रकारिता बाहेक अन्य कार्य गर्दा हुने आक्रमणलाई अनुगमन प्रणालीमा राखिँदैन । साथै आम व्यक्तिका अभिव्यक्ति स्वतन्त्रतासँग सम्वन्धित विषयलाई पनि महासंघको प्रेस स्वतन्त्रता अनुगमनमा समेटिएका छैनन् ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा रहेको प्रेस स्वतन्त्रता अनुगमन इकाइमा वर्षभरी अभिलेख गरिएका घटनाहरुलाई आधार मानी महासंघले हरेक वर्ष प्रेस स्वतन्त्रताको अवस्था वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको छ । प्रत्येक वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस अर्थात आजकै दिनको अवसरमा सो प्रतिवेदन सार्वजनिक गर्ने गरिएको छ। उक्त प्रतिवेदनका लागि घटनाहरुको अभिलेखिकरण र विश्लेषण गर्दा अघिल्लो वर्षको मे ३ तारिखदेखि यस वर्षको मे २ तारिखसम्मका घटनाहरुलाई लिने गरिएको छ ।

### १.१ प्रेस स्वतन्त्रता हनन्को वर्तमान अवस्था

हाम्रो संविधानले पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूत गरेको भएता पनि व्यवहारिक रुपमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रयोगमा बेलाबेलामा समस्या आउने गरेको छ । यो प्रतिवेदनमा मैले विसं २०८० को तथ्यसहितको विश्लेषण गर्ने अनुमति चाहन्छु । नेपाली पत्रकारिता क्षेत्रका लागि २०८० चुनौतीपूर्ण वर्ष रह्यो । समग्र पत्रकारिता क्षेत्रमा विभिन्न खालका चुनौती आइपरेका छन् । विश्वव्यापी रुपमा देखिएको आर्थिक संकट, प्रविधि र माध्यमको विकाससँगै समग्र पत्रकारिता क्षेत्रमा नयाँ नयाँ चुनौतीको सामना गर्नु परेको छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका घटना अघिल्लो वर्षको तुलनामा बढेका छन् । आम सञ्चार नीतिलाई कार्यान्वयन गर्न बन्नुपर्ने कानुनी मस्यौदा अपेक्षाकृत अगाडि बढ्न सकेका छैनन् । तीनवटै तहका सरकारले बनाएका र बनाउने सञ्चार कानून प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता मैत्री बनाउन थप दबाब दिन आवश्यक छ । महासंघका अध्यक्ष, सल्लाहकार तथा पूर्वअध्यक्षसमेत रहेको एक समितिले संघीय सरकारले बनाउनु पर्ने कानूनको प्रारम्भिक ड्राफ्टमा गरेपनि ती कानून अपेक्षाकृत अगाडि बढ्न सकेका छैनन् ।

विसं. २०८० मा श्रमजीवी पत्रकारले तलब नपाएर विभिन्न सञ्चार गृहमा आन्दोलन गर्नुपरेको थियो । पत्रकारको पेशागत सुरक्षा, श्रमजीवी पत्रकार ऐनलगायतका कानुन कार्यान्वयनको प्रत्याभूति, नागरिकको संवैधानिक अधिकार, संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रतामैत्री कानुन निर्माणमा महासंघले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको छ ।

मे ३ सन् २०२३ देखि मे २ सन् २०२४ सम्म प्रेस स्वतन्त्रता हननका ६२ वटा घटना भएका छन् । अघिल्लो वर्ष यही अवधिमा प्रेस स्वतन्त्रता हननका ५५ वटा र मे ३ सन् २०२१ देखि २०२२ को अवधिमा ७५ वटा

घटनाहरु अभिलेख भएका थिए । ६२ वटा घटनामा १६८ जना पत्रकार र २ सञ्चार संस्था मारमा परेका छन् । नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाइमा अभिलेख भएअनुसार यी घटनाहरुमा यो एक वर्षको अवधिमा पत्रकार गिरफ्तारका २ वटा घटना भएका छन् । कब्जा तथा अवरोधका ३, पत्रकार दुर्व्यवहार तथा धम्कीका २९, आक्रमणका १४ वटा घटना भएका छन् । यस्तै, पेशागत असुरक्षाका पनि १४ वटै घटना अभिलेख भएका छन् ।

**नेपाल पत्रकार महासंघले प्रदेशका आधारमा अभिलेख गरेको प्रेस स्वतन्त्रता हननका घटनाहरुका निम्न तालिकामा प्रस्तुत गरिएको छ ।**

| घटना प्रकृति | कोशी प्रदेश | मधेश प्रदेश | बामती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कार्णाली प्रदेश | सुदुपश्चिम प्रदेश | प्रवास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **गिरफ्तारी** | | | | | | | २ | | २ |
| **कब्जा/अवरोध** | | १ | २ | | | | | | ३ |
| **आक्रमण** | | ७ | ४ | १ | १ | | १ | | १४ |
| **दुर्व्यवहार /धम्की** | ३ | ५ | १६ | २ | २ | १ | | | २९ |
| **पेशागत असुरक्षा** | १ | | १३ | | | | | | १४ |
| **जम्मा घटना** | | | | | | | | | ६२ |

स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाइ । सन् २०२४ मे २ ।

नेपाल पत्रकार महासंघले श्रम समस्या सम्बन्ध गर्न उजुरीलाई अध्ययन गरी सम्बन्धित सञ्चार गृहमा पत्राचार, छलफल, दवावमुलक कार्यक्रमार्फत हल गर्ने गरेको छ । लामो समयसम्म हल नभएका श्रम सम्बन्धी समस्या समाधान गर्न महासंघले पीडित पत्रकारलाई श्रम अदालतसम्मको सहजीकरण गरेको छ । विसं.२०८० साल बैशाख यता श्रमजीवी पत्रकारको पेशागत असुरक्षा (रोजगारी विमुख गराउने, सेवा सुविधाबाट बञ्चित, कामबाट बञ्चित) सम्बन्धी नेपाल पत्रकार महासंघमा परेका उजुरी मध्ये समाधानका हुन बाँकी रहेका विवरण **अनुसूचि १** मा समावेश गरिएको छ । यसअघिका दुई वर्षको विवरण महासंघको वेबसाइटमा सजिलै हेर्न सकिने भएकाले मैले एक वर्षको विवरणमात्रै यहाँ उल्लेख गरेको जानकारी गराउन चाहन्छु ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्धका घटनामा महासंघले कानूनी, दबाब र लविङको माध्यमबाट काम गरिरहेको यहाँ म जानकारी गराउन चाहन्छु । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्ध प्रहरीबाट बेलाबेलामा हुने क्रियाकलाप न्यूनीकरणका विषयमा नेपाल प्रहरीका प्रमुखसहित उच्च नेतृत्वसँग छलफल गरिएको छ । रौतहटमा प्रहरीबाट लागूऔषधमा फसाउन खोजिएका पत्रकारका पक्षमा स्थलगत अध्ययन टोली नै बनाएर काम गरिएको छ । स्थानीयस्तरमा महासंघका केन्द्रीय सदस्य शिव पुरीले केन्द्र र जिल्लासँग समन्वय गरेर थप समस्या निम्तिन नदिइएको कुरा यहाँ स्मरण गर्न चाहन्छु । केन्द्रीय सदस्य ववीन शर्मासहितका पत्रकारलाई राज्यले पक्राउ गर्ने तयारी गरेपछि कानूनी लडाइँबाट पक्राउ गर्नबाट रोकिएको छ । पछिल्लो समय सिधाकुरा अनलाइनको सामग्रीका सन्दर्भमा सम्मानीत सर्वोच्च अदालतबाट आएको आदेशमा पनि महासंघले गम्भीर चासो व्यक्त गरेको स्मरणीय छ । महासंघको वेबसाइटमा यस्ता घटनाका सन्दर्भहरु र त्यसमा महासंघले गरेको पहलका विषयमा विस्तृत विवरण उल्लेख गरिएकाले मैले यहाँ धेरै चर्चा गरिरहन आवश्यक ठानेको छैन ।

नेपाल प्रहरीले विद्युतीय कारोबार ऐनको दफा ४७ को प्रयोग गरेर पटक पटक पत्रकारलाई दुःख दिने गरेको प्रति महासंघले सरोकारवाला निकायसँग पटक पटक संवाद गरेको छ। पत्रकारको भौतिक सुरक्षालाई केन्द्रमा राखेर प्रेस स्वतन्त्रताविरुद्धका घटनामा महासंघले पहल गरेको छ। प्रेस स्वतन्त्रताविरोधी घटनामा घाइते पत्रकारको उपचार, पेशागत असुरक्षामा परेका पत्रकारका लागि पुनः पेशामै फर्किने वातावरण, पत्रकारमाथि कुटपिटमा संलग्नलाई कारवाहीको पहल र लैंगिक हिंसामा परेका पत्रकारलाई कानूनी सहायता उपलब्ध गराइएको छ। यस्तो अवस्थाको दीर्घकालीन समाधानका लागि राष्ट्रिय मानवअधिकार आयोगसँगको संयन्त्रलाई थप प्रभावकारी बनाएर व्यवहारमा लैजान अब ढिलो गर्नु हुँदैन ।

प्रेस स्वतन्त्रता हनन्का घटनामा कमी नआउनुको मुख्य कारण दण्डहीनता हो । यसअघिका जे जति घटनामा संलग्नहरुलाई कानूनको दायरामा ल्याउन नसक्नु नै यसको मुख्य कारण भएको कुरा प्रष्ट छ । त्यसैले पत्रकार हत्यामा संलग्नहरुलाई कारबाही गर्नका लागि थप दबाव दिन आवश्यक छ । द्वन्द्वको समयमा मारिएका, बेपत्ता पारिएका र अपांगता बनाइएका घटनामा संलग्नलाई तत्काल कानूनी दायरामा ल्याउनु पर्छ । महासंघले पटकपटक सरोकारवाला निकायलाई यस विषयमा दबाव दिँदै आएको छ । वरिष्ठ पत्रकार तथा साहित्यकार कृष्णसेन इच्छुकको हत्या भएको दिन अर्थात् जेठ १३ गते उहाँसहित दिवंगत सम्पूर्ण पत्रकारको सम्मानमा हरेक वर्ष स्मृति कार्यक्रम गर्दै आइरहेको कुरा म यहाँ जानकारी गराउन चाहन्छु ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा हामीलाई राष्ट्रिय मानवअधिकार आयोग, नेपाल बार एसोसिएसनलगायतका संघसंस्थाले सहयोग गर्दै आइरहेको जानकारी गराउँदै हाम्रो अभियानमा साथदिने सबै संघसंस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । उक्त सहयोग आगामी दिनमा पनि कायम रहने विश्वास लिएको छु ।

## १.२. नागरिक अधिकार

नेपालको संविधानले हरेक नागरिकलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको अधिकार प्रत्याभूत गरेको छ । तर, संविधानमा व्यवस्था भएका नागरिक अधिकार हनन् भने बेला बेलामा हुँदै आएको छ । राज्यका विभिन्न निकायले संविधानले प्रत्याभूत गरेको नागरिक अधिकारको खिल्ली उडाउने काम गरिरहेका छन् । महासंघले नागरिक अधिकारका पक्षमा पनि यो बीचमा उल्लेख्य काम गरेको छ । महासंघको दबाबले विभिन्न तहका सरकार तथा जिम्मेवार निकायका प्रमुखहरुले आफ्नो कदम सच्चाउन बाध्य भएका छन् । संविधान प्रतिकूल हुने क्रियाकलापका सन्दर्भमा महासंघले राष्ट्र प्रमुख, सरकार प्रमुख, सरोकार राख्ने मन्त्री, प्रदेश र तथा स्थानीय सरकारका प्रमुख, राजनीतिक दलका शीर्ष नेताका क्रियाकलापका सन्दर्भमा पटक पटक सरोकार राखेको छ । संविधान प्रतिकूल गएर गरिने नागरिक अधिकारको हनन्, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्धका क्रियाकलाप सच्चाउन महासंघले समयमै लिएका पहल स्मरणीय भएको म यो गरिमामय महाधिवेशनमा जानकारी गराउन चाहन्छु ।

गृह मन्त्रालयले हालै प्रमुख जिल्ला अधिकारीमार्फत डेस्क नै निर्माण गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्ध गरेको निर्णय महासंघको दबाबमा केही घन्टामै फिर्ता भएको थियो । गृह मन्त्रालयले आफ्नो निर्णय फिर्ता लिएर महासंघलाई सकरात्मक सुझावका लागि धन्यवादसमेत ज्ञापन गरेको थियो । नागरिक अधिकारको हनन्का घटनामा हामीले आफ्नो दृष्टिकोण संविधान तथा विभिन्न कानूनले प्रत्याभूत गरेको अधिकारका पक्षमा नै प्रष्ट राख्दै आएका छौं । संविधानको अक्षरस कार्यान्वयनका लागि महासंघले बेलाबेलामा विभिन्न निकायको ध्यानाकर्षण गराउँदै आएको छ ।

अभिव्यक्ति स्वतन्त्रताका लागि क्रियाशील अन्तर्राष्ट्रिय संस्था आइफेक्सले महासंघलाई सदस्यता नवीकरणको नाममा निलम्वन गरेको छ । त्यस लगत्तै महासंघबाट फेरि सदस्यतालाई पुरानै अवस्थामा फर्काउन पहल गरिएको छ । पत्राचार सकरात्मक रहेको म जानकारी गराउँदछु । नागरिक अधिकारको संवैधानिक प्रत्याभूतिका लागि विभिन्न संघसंस्थासँग मिलेरै काम गर्नुपर्ने आवश्यकता छ । महासंघले नागरिक अधिकार तथा मानवअधिकारको क्षेत्रमा क्रियाशील नेपाल बार एसोसिएसन, राष्ट्रिय मानव अधिकार आयोग, गैरसरकारी संस्था महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल चिकित्सक संघलगायतका संघसंस्थासँग बेलाबेलामा सहकार्य गर्दै आइरहेको छ । यो सहकार्यलाई अब थप बलियो बनाउनुपर्ने आवश्यकता छ ।

संविधानले प्रदान गरेको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक नागरिकलाई प्रत्याभूत गर्न हामीले राष्ट्रिय सूचना आयोगसँग मिलेर विभिन्न जिल्लामा कार्यक्रम गरेका छौं । विभिन्न संवैधानिक आयोग र संवैधानिक निकायसँग पनि थप समन्वय गरेर अगाडि बढ्दा नागरिक अधिकार प्रत्याभूत गर्न सजिलो हुने भएकाले यसलाई प्राथमिकतामा राखेर काम गरिएको म महाधिवेशनमा जानकारी गराउन चाहन्छु । नागरिक अधिकारको क्षेत्रमा महासंघले विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थासँग सहकार्यको प्रयास गरेको छ ।

## १.३. नीति तथा सञ्चार कानून

आम सञ्चार नीतिलाई कार्यान्वयन गर्न बन्नु पर्ने विभिन्न सञ्चार कानूनहरु अघिल्लो प्रतिनिधिसभाको पाँचवर्षे कार्यकाल सकिँदा बन्न सकेनन् । बनेका केही कानून प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता मैत्री नभएको र बन्ने क्रममा रहेका कानूनका विषयमासमेत महासंघको असहमति भएकाले ती कानूनलाई सच्चाउन गरिएको छ । महासंघका अध्यक्ष, पूर्वअध्यक्षसहितको समितिले विभिन्न सञ्चार कानूनको ड्राफ्ट गरेको छ । त्यसबाट नेपाल मिडिया काउन्सिलसहितका कानून अहिले अगाडि बढेका छन् । अन्य कानून पनि तत्काल अगाडि बढाउनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रीसँग पटक पटक छलफल गरिएको छ ।

सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (पीएसबी)को विश्वव्यापी मान्यताविरुद्धमा भएकाले सच्चाउन गरिएको आग्रहलाई सांसदहरुले गम्भीरतापूर्वक लिएका छन् । उनीहरुको सकरात्मक पहलले यसलाई विश्वव्यापी मान्यताअनुरुप हुने अपेक्षा महासंघले गरेको छ । त्यसका लागि प्रतिनिधिसभा र राष्ट्रिय सभाका सरोकार राख्ने सदस्यसँग महासंघले श्रृंखलाबद्ध छलफल गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मालगायत सरकारका अन्य मन्त्रीलाई पनि भेटेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूत हुनेगरी यथाशीघ्र कानूनहरु अगाडि बढाउन आग्रह गरिएको छ ।

प्रदेश सरकार र स्थानीय सरकारले बनाउने सञ्चार कानूनका विषयमा पनि हामीले प्रदेश तथा जिल्ला शाखामार्फत पहल गरेका छौँ । महासंघले स्थानीय, प्रदेश र संघीय सरकारलाई कानूनको मस्यौदा बनाएर बुझाएको छ । सल्लाहकार एवं निवर्तमान अध्यक्ष गोविन्द आचार्यको नेतृत्वमा बनेको अधिकार क्षेत्र र कानूनको मस्यौदालाई स्थानीय तथा प्रदेश सरकारसँग छलफल गरेका छौँ । सबै प्रदेश सरकारलाई महासंघले समयमै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री कानून निर्माणका लागि दबाब दिएको स्मरणीय छ ।

नेपाल पत्रकार महासंघको दबाबमा संविधानमा पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिए पनि कतिपय प्रावधानले अझै पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने भएकाले त्यसको पूर्ण कानूनी व्याख्याको आवश्यकता छ। विभिन्न कानून आकर्षित गरेर पत्रकारलाई दुःख दिने कामको अन्त्यका लागि महासंघको कानूनी सहायता डेस्कलाई थप जनशक्तिसहित बलियो बनाउन आवश्यक देखिएको छ। नयाँ प्रेस पास, नवीकरण, कम्पनी अध्यावधिकलगायतका सेवा स्थानीय निकायबाटै प्राप्त गर्नेगरी आवश्यक पहल गरिएको छ । महासंघकै आग्रह र दबाबमा सरकारले प्रेस पासलाई अनलाइन माध्यमबाट प्राप्त गर्न सकिने बनाएको छ। अझै यसलाई सरल बनाउन आवश्यक छ ।

## १.४ प्रेसको विश्वव्यापी सूचकांकको विश्लेषण

नेपालको संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताले सम्बन्धित देशको लोकतान्त्रिक अभ्यासलाई दर्शाउने गर्छ। तर, प्रेस स्वतन्त्रताको विश्वव्यापी सूचकांकमा भने नेपाल १८० देशमध्ये ९५ औं स्थानमा रहेको छ । सन् २०२२ मा भने यो अहिलेसम्मकै राम्रो अवस्था अर्थात् ७६ स्थानमा रहेको थियो । रिपोटर्स विथआउट बोडर्स (आरएसएफ)ले हरेक वर्ष सार्वजनिक गर्ने प्रेस स्वतन्त्रता सूचकांकमा दक्षिण एसियामा भुटान सबैभन्दा राम्रो अवस्था अर्थात् ९०औं स्थानमा छ । दक्षिण एसियाका देशहरु माल्दिभ्स, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र अफगानस्तान नेपालभन्दा धेरै पछि छन् ।

लोकतान्त्रिक देशका लागि आवश्यक अवयवहरुको आधार पनि झल्किने भएकाले सूचकांकले नेपालको अभिव्यक्ति स्वतन्त्रता, शासन व्यवस्था, नागरिकको अवस्थालगायतका विषयलाई अन्तर्राष्ट्रिय जगतमा झल्काउने काम गर्छ । प्रेस स्वतन्त्रता सूचकांकको विश्वसनीयताका विषयमा बहस आवश्यक छ । युनेस्कोले आयोजना गरेको अन्तर्राष्ट्रिय कार्यक्रममा यो विषयमा महासंघको तर्फबाट सूचकांकको विश्वसनीयताका बारेमा बहस गरिएको छ । यो वर्षदेखि भने सूचकांक निर्माणका लागि महासंघकै डाटाबेसलाई आधार बनाएर फारम भर्न सुरु गरिएको छ । यसका लागि आरएसएफका नेपाल प्रतिनिधि विनोद ढुंगेलको सकरात्मक पहल सम्झनै पर्छ । नियमनको

नाममा आउने नियन्त्रणमुखी कानूनले नेपालको प्रेस स्वतन्त्रता सूचकांकको अवस्थालाई कमजोर बनाउने भएकाले सरोकारवाला निकायसँग थप संवाद र पहल गर्न आवश्यक रहेको छ ।

## २. श्रमजीवी पत्रकारको अवस्था र अधिकार

### २.१. श्रम समस्यामा महासंघको पहल

कोभिड संकट र विश्वव्यापीरुपमा देखिएको आर्थिक संकटले श्रमजीवी पत्रकारका समस्या जटिल बनेका छन् । नेपाल पत्रकार महासंघको वर्तमान कार्यसमिति आएपछि झण्डै ६ सय श्रमजीवी पत्रकारले महासंघमा समस्या लिएर आएका छन् । त्यसमध्ये ५ सयको हाराहारीका समस्या विभिन्न तरिकाले समाधान भएका छन् । श्रम समस्या समाधान हुन बाँकीको विवरण **अनुसूचि १** मा राखिएको छ । कान्तिपुर दैनिकलगायतका विभिन्न सञ्चार गृहमा देखिएको श्रम समस्या महासंघकै पहल र दबाबमा आंशिक समाधान भएको छ । यद्यपि अहिले पनि विभिन्न सञ्चार गृहमा कार्यरत श्रमजीवी पत्रकार समस्यामा रहेका छन् । बाँकी पत्रकारको समस्या समाधानका लागि महासंघले अहिले पनि कानूनी उपचार, छलफल, दबाब, पत्राचार, आन्दोलनलगायतका माध्यमबाट गरिरहेको छ । श्रमजीवी पत्रकारको समस्याका विषयमा हामीले दबाबमूलक कार्यक्रम, वार्ता तथा संवाद र कानूनी प्रक्रिया जारी राखेका छौं ।

श्रमजीवी पत्रकार ऐन र ऐनले व्यवस्था गरेका सेवासुविधा प्राप्तिका लागि निरन्तर आन्दोलनमा छ । पत्रकारलाई विभिन्न बहाना बनाएर निकाल्ने, सेवा सुविधा नदिने, धेरैले नियुक्तिपत्र पनि नपाउने, नियुक्तिपत्र पाउनेले तलब नपाउने, बिदा नपाउनेलगायतका समस्या अहिले पनि कायम छन् । महासंघले श्रम समस्या र त्यससँग जोडिएका अन्य समस्या लिएर आउने पत्रकारका बारेमा प्राथमिकताकासाथ काम गरिरहेको म यो महाधिवेशनमा जानकारी गराउन चाहन्छु । प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकारको हित प्रवर्द्धन विभागको नियमित बैठक बसेर विभिन्न सञ्चार प्रतिष्ठानमा देखिएका श्रम समस्या र तिनको समाधानका लागि निरन्तर पहल भइरहेको छ ।

वरिष्ठ उपाध्यक्षको संयोजकत्वको समितिमा महासंघका अध्यक्ष र महासचिवसहितका पदाधिकारी पनि आमन्त्रित सदस्यकै रुपमा बसेर समितिले क्रियाकलापलाई अगाडि बढाएको छ । केन्द्रीय कार्यालयमा आउने श्रम समस्यालाई समितिको तर्फबाट केन्द्रीय सदस्यद्वय रामकृष्ण अधिकारी र विकास कार्कीले समन्वय गरेका छन् । सुर्खेत साधारणसभापछि पनि हामीले कान्तिपुर दैनिकलगायतका विभिन्न सञ्चार गृहमा आन्दोलन गरेका छौं । सञ्चार प्रतिष्ठानमा धर्ना नै बसेर आन्दोलनबाट समस्या समाधानका लागि पहल गरेका छौं । अन्य सञ्चार माध्यममा पनि हामीले निरन्तर विभिन्न प्रकारका दबाब मूलक कार्यक्रम गरेका छौं ।

काठमाडौंको माइतीघर मण्डलामा हामीले श्रम समस्या समाधानका लागि सांकेतिक आन्दोलनदेखि सञ्चार गृहमा धर्ना, सूचना तथा प्रसारण विभागमा धर्ना, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र श्रम मन्त्रालयमा ध्यानाकर्षणलगायतका कार्यक्रम पनि गरेका छौं । उक्त आन्दोलनमा सबै संघ संगठन र श्रमजीवी पत्रकारको सक्रिय सहभागिता रहेको थियो । आन्दोलनमा साथ दिने सबैलाई म यस महाधिवेशनमार्फत पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

लामो समयसम्म आन्दोलन चलेको कान्तिपुर मिडिया ग्रुपका धेरै पत्रकारको समस्या समाधान भएको छ । अझै पनि केही पत्रकारको समस्या समाधान हुन बाँकी रहेको छ । न्यून रकमसहित कान्तिपुर दैनिकले विदा गरेका पत्रकारले महासंघकै पहलमा श्रमजीवी पत्रकार ऐन तथा नियमावलीअनुसार पाउनुपर्ने रकम बुझेर विदा भएका छन् । कान्तिपुर दैनिकले पहिलो पटक महासंघकै पहलमा संस्थाबाट विदा हुने पत्रकारका लागि आर्थिक प्याकेज ल्याएको थियो । लामो समयको आन्दोलनपछि महासंघकै पहलमा कान्तिपुर दैनिकको श्रम समस्या समाधान भएको जानकारी गराउन चाहन्छु । अझै केही पत्रकारको समस्या समाधान हुन बाँकी रहेका बारेमा महासंघले पहल गरेको छ । व्यवस्थापनले अबको केही दिनमा नै उक्त समस्या पनि समाधान गर्न प्रतिवद्ध रहेको जवाफ दिएको छ ।

अन्नपूर्ण पोष्ट दैनिक, नागरिक दैनिक, इमेज टेलिभिजनलगायतमा देखिएको श्रम समस्यामा महासंघले खेलेको भूमिका उल्लेख्य रहेको छ। बोधी टेलिभिजन, नाइस टेलिभिजन, जनता टेलिभिजनमा देखिएको श्रम समस्या समाधान गरिएको छ। राष्ट्रिय समाचार समिति, गोरखापत्र दैनिक, रेडियो नेपाललगायतका सञ्चार गृहमा देखिएको श्रम समस्या समाधानका लागि पहल गरिएको छ। एभिन्युज टेलिभिजनलगायत विभिन्न सञ्चार गृहमा देखिएको श्रम समस्याका लागि पत्राचार गरिएको छ। राजधानी दैनिक प्रतिष्ठान शाखाकै अगुवाइमा भएको आन्दोलनपछि पनि श्रम समस्या जटिल बनेपछि अहिले कानूनी उपचार चलिरहेको छ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा श्रम डेस्क स्थापना भएपछि पत्रकारका समस्या सम्बोधन लागि सहज भएको छ। डेस्क स्थापना भएपछि सम्बन्धित सञ्चार गृहमा पत्राचार र कानूनी उपचारका लागि सहज भएको छ। महासंघको तर्फबाट हामीले मिडिया सञ्चालक, सरकारी निकायका प्रतिनिधिसँग श्रम समस्याका विषयमा पटकपटक छलफल गरेका छौँ। श्रम समस्या भएपछि महासंघमा जानुपर्छ भन्ने सन्देश प्रवाह भएको छ। काठमाडौं उपत्यका बाहिर पनि महासंघका प्रदेश समिति र शाखा समितिकै अगुवाइमा श्रम समस्या समाधानका लागि धर्ना लगायतका दबाब मूलक कार्यक्रम भएका छन्। रुकुम पश्चिम शाखाले त्यहाँ देखिएको श्रम समस्या समाधानका लागि गरेको पहल स्मरणीय छ।

## २.२. श्रमको दीर्घकालीन पहलको आवश्यकता

नेपाली पत्रकारको पक्षमा काम गर्नका लागि नेपाल पत्रकार महासंघको स्थापना भएको हो। पत्रकार र पत्रकारिता क्षेत्रका विभिन्न समस्या मध्ये सबैभन्दा प्राथमिकताको विषय श्रम समस्या हो। पत्रकारका समस्या अनन्तकालीन बन्न पुगेकाले यसको दीर्घकालीन समाधानमा महासंघ क्रियाशील बन्न आवश्यक छ। त्यसैले कानून बनाउने र त्यसलाई कार्यान्वयन नगर्ने सरकारलाई दबाब दिएर कानूनी प्रक्रियाबाटै समस्या समाधानका लागि पहल गरिएको छ। महासंघले श्रम समस्याको दीर्घकालीन समाधानका लागि आफ्नो कानूनी डेस्कमार्फत श्रमजीवी ऐन पुनरावलोकन र अन्य कानूनी प्रावधानका लागि पहल गरिरहेको म जानकारी गराउन चाहन्छु।

कानूनीरुपमा श्रम समस्या सम्बोधनका लागि भएको पहल प्रभावकारी भएकाले त्यसलाई थप बलियो बनाउन प्रयास गरिएको छ। कानून विज्ञको नियुक्ति गरेर काम थालिएको छ। थप प्रभावकारी बनाउन भने बेतनसहितको व्यवस्था गरेर काम गर्नुपर्ने हुन्छ। श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ पूर्णरुपमा कार्यान्वयनमा समस्या देखिएकाले यसको पुनरावलोकन आवश्यक रहेको छ। त्यसैले समयानुकुल श्रमजीवी पत्रकार सम्बन्धी ऐन परिमार्जनको पहल थालिएको छ। महासंघका अध्यक्ष र कानूनी डेस्कको प्रत्यक्ष संलग्नतामा न्यूनतम पारिश्रमिक निर्धारण समितिले एउटा मस्यौदा तयार गरिसकेको छ। सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदारलाई समाजिक सुरक्षाको दायरामा ल्याउनका लागि कानून तद्अनुकूल बनाउनु आवश्यक देखिएको छ। २०७८ देखि अहिलेसम्म कानूनी सहायता डेस्कबाट भएको कार्यविवरण **अनुसूचि १** मा हेर्न सक्नुहेछ।

अघिल्लो सरकारले न्यूनतम पारिश्रमिक निर्धारण समितिको खारेजीका लागि गरेको प्रयासलाई महासंघले समयमा नै प्रतिवाद गरेको छ। जसका कारण सरकार आफ्नो कदमबाट पछि हट्न बाध्य भएको छ। तर, समितिको कार्यक्षेत्रलाई थप बलियो बनाउनुपर्ने आवश्यकता देखिएको छ। महासंघकै दवाबमा समितिले विज्ञमार्फत न्यूनतम पारिश्रमिकको पुनरावलोकनका लागि मन्त्रालयमा सिफारिस गरेको छ। त्यसलाई घोषणा गरेर कार्यान्वयनमा लैजान सम्बद्ध पक्षसँग पहल गरिएको छ। सिफारिस भएको न्यूनतम पारिश्रमिक लागू गर्नका लागि म यो महाधिवेशनबाट सरकारको ध्यानकर्षण गराउँदछु। त्यस्तै अनिवार्य सामाजिक सुरक्षाकोष लागू गर्न कानूनी व्यवस्था गर्न प्रधानमन्त्रीसहित नेपाल सरकारलाई ध्यानाकर्षण गराइएको छ।

सरकारले प्रेस रजिष्ट्रार सूचना तथा प्रसारण विभागका महानिर्देशकलाई तोक्दै आएको छ। यसमा महासंघको असहमति रहँदै आएको छ। छुट्टै प्रेस रजिष्ट्रार कार्यालय तोक्न र त्यो अवधिसम्मका लागि न्यूनतम

पारिश्रमिक निर्धारण समितिका अध्यक्षलाई नै जिम्मेवारी दिन पहल गरिएको छ । नियमनको समेत काम गर्नेगरी समितिलाई बलियो बनाउन आवश्यक छ । ऐन कार्यान्वयन नगर्ने सञ्चार माध्यमको बैंक खाता रोक्का गर्ने, कालो सूचीमा राख्ने, सामग्री खरिदमा सरकारले दिएको सहुलिएत रोक्ने व्यवस्था कानूनमै गर्न पहल गरिएको छ। श्रमजीवी पत्रकारका समस्या समाधानका लागि महासंघकै पहलमा संसदमा बहस हुन थालेको छ ।

**२.३. पत्रकार तथा सञ्चार गृहको सवलीकरणमा महासंघको प्रयास**

महासंघले मिडिया हाउसलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनका लागि सरकारलाई आग्रह गरेको थियो । कान्तिपुर दैनिक, कान्तिपुर टेलिभिजन, रेडियो कान्तिपुर, नागरिक दैनिक, राजधानी दैनिक, नेपाल समाचारपत्र, इमेज च्यानल, न्युज ट्वेन्टीफोर, जनता टेलिभिजनलगायतका सञ्चार प्रतिष्ठानले सहुलियतपूर्ण कर्जा लिएका छन् । पत्रकारको हितमा खर्च गर्नुपर्ने रकम अन्यत्र खर्च गर्ने र पत्रकारको हितमा प्रयोग नगरेको विषयमा अनुगमनका लागि आग्रह गरिएको छ । सञ्चार संस्थाको दर्ता, नवीकरणका लागि महासंघले मन्त्रालय र विभागमार्फत सहज व्यवस्थापनका लागि पटकपटक पहल गरेको छ ।

विज्ञापन बोर्डमार्फत वितरण हुने विज्ञापन र त्यसको भुक्तानीमा देखिएको समस्या समाधानका लागि पहल गरिएको छ। छापामाध्यम हकहित प्रवर्धन विभागको पहलमा विभिन्न दबाबमूलक काम गरिएको छ। विज्ञापन बोर्डकै संरचना परिवर्तन, समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयनमा ल्याउन थप नीतिगत पहल गर्न आवश्यक देखिएको छ । महासंघ लगायतका सरोकारवाला निकायको आग्रहमा सरकारले समानुपातिक विज्ञापन प्रणाली लागू गर्ने घोषणा भए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । म यो महाधिवेशनमार्फत सरकारलाई तत्काल समानुपातिक विज्ञापन प्रणाली लागू गर्न माग गर्दछु। त्यस्तै अनलाइन सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन दिने बजेटको व्यवस्थालाई तत्काल कार्यान्वयनका लागि महासंघले सरकारको ध्यानाकर्षण गराएको पनि म जानकारी गराउँदछु।

पालिका र जिल्ला स्तरका विज्ञापन स्थानीय सञ्चार माध्यममा उपलब्ध गराउनेगरी कानूनी व्यवस्थापका लागि पहल गरिएको छ । सार्वजनिक खरिद ऐनलगायतका कानूनी व्यवस्थालाई सहज बनाएर स्थानीय निकायको विज्ञापन स्थानीय सञ्चारमाध्यममा उपलब्ध गराउनेगरी काम गर्नुपर्ने आवश्यकता छ । गुगल, फेसबुक, ट्विटर, इनिस्टाग्रामलगायतका सामाजिक सञ्जालमार्फत हुने विज्ञापनको नियमन आवश्यक छ। त्यसका लागि सरकारलाई नयाँ कानून तर्जुमाका लागि आग्रह गरिएको छ । सामाजिक सञ्जालमा समाचार सेयर गर्दा सामाजिक सञ्जालले सम्बन्धित सञ्चार गृहलाई निश्चित प्रतिशत रकम दिनेगरी कानूनी व्यवस्था गर्नुपर्छ। अष्ट्रेलिया, बेलायतलगायतका विभिन्न देशका सञ्चार गृहमा यो व्यवस्था लागू भइसकेको छ। यद्यपि यसको व्यवहारिकतामा समस्या देखिएको छ।

श्रम समस्यामा परेका पत्रकारका लागि लेखनवृत्तिको व्यवस्था, सरकारी अस्पतालमा निःशुल्क उपचार, साना तथा स्वरोजगारमूलक मिडियाका लागि लोककल्याणकारी विज्ञापनमा ५० प्रतिशत वृद्धि लगायतका विषयमा सरकारलाई पटकपटक ध्यानाकर्षण गराइएको छ । आउँदो बजेटमा यी विषयलाई सम्बोधन गर्नका लागि पहल गरिएको छ। महासंघको भवनलाई पूर्णता दिने, सञ्चार संग्रहालय बनाउने, महासंघ भवन अगाडिको पार्कलाई थप व्यवस्थित गराउने काममा पहल गरिएको छ। महासंघ परिसरको बाटो तथा पार्किङ व्यवस्थित गर्न ढलान गरिएको छ। रातको समयका लागि थप लाइटिङ सिस्टमका लागि पनि पहल गरिएको छ।

**३. संगठनात्मक गतिविधि र योजना**

कुनै पनि संगठनका लागि सदस्य उसको मेरुदण्ड हो। मेरुदण्ड ठीक नभएको संस्थाले व्यवस्थित ढंगले काम गर्न सक्दैन । मेरुदण्डको रुपमा रहेका सदस्यता कस्तो व्यक्तिलाई दिने भन्ने विषयमा गम्भीर बहस भएर सुर्खेतमा सम्पन्न साधारणसभाले शुद्धीकरण समिति बनाएपछि शाखा समिति, एसोसिएट संस्था र प्रदेश समितिमार्फत कामहरु सम्पन्न भएका छन्। शुद्धीकरण समिति र केन्द्रीय समितिको तर्फबाट पनि कार्यविधि बनाएर विभिन्न चरणका काम सम्पन्न भएका छन् ।

### ३.१. सांगठनिक अवस्था तथा गतिविधि

नेपाल पत्रकार महासंघमा ७७ जिल्ला शाखा, ३९ प्रतिष्ठान शाखा, १२ एसोसिएट संस्था महासंघका अभिन्न अंग हुन् । हामीसँग प्रादेशिक समिति ७ सहित उपत्यका, प्रतिष्ठान र एसोसिएट प्रदेशगरी १० प्रदेश क्रियाशील छन् । महासंघको विधान तथा वैदेशिक शाखा सञ्चालन नियमावलीअनुसार विभिन्न १० वैदेशिक शाखा सक्रिय छन् । सुर्खेत साधारणसभापछि महासंघका सबै संरचनाहरु नयाँ सदस्य र सदस्य नवीकरणमा केन्द्रित भएको म यो महाधिवेशनमा जानकारी गराउन चाहन्छु ।

कार्यकालको सुरुवातदेखि विवाद देखिएका बाँके, रौतहट, नुवाकोट, बैतडी, दार्चुला शाखाको विवाद समाधान भएको छ । २६औं महाधिवेशनपछि निर्वाचन यो कार्यसमिति आएपछि नेपाल पत्रकार महासंघ बेलायत शाखा, कतार शाखा, दक्षिण कोरिया शाखा, जापान शाखा, युएई शाखा, कुवेत शाखा, युरोप शाखा र भारत शाखाको अधिवेशन सम्पन्न भएका छन् । हामीसँग सहकार्य गर्ने नेपाल अमेरिका पत्रकार संघ (नेजा)को अधिवेशनले नयाँ कार्यसमिति चयन गरेको छ । नेपाल अष्ट्रेलिया पत्रकार संघ (एन्जा)को अधिवेशसन पनि सम्पन्न भएको छ । वैदेशिक शाखा र आवद्ध संस्थामार्फत नेपालमा पत्रकारको हितमा विभिन्न कार्यक्रम भएको म यो गरिमामय महाधिवेशनमा जानकारी गराउन चाहन्छु ।

सुर्खेत साधारणसभापछि अध्यक्षहरुको राष्ट्रिय भेला, राष्ट्रिय मिडिया सम्मेलन गरिएको छ । शाखा समितिको अधिवेशन अन्तरगत हिजोसम्म झण्डै ५० शाखाले अधिवेशन सम्पन्न गरेको र महाधिवेशन लगत्तै बाँकी शाखाले पनि अधिवेशन गर्ने तयारी गरेको महासंघमा जानकारी प्राप्त भएको छ । दश मध्ये ७ प्रदेश समितिले पनि आफ्नो अधिवेशन सम्पन्न गरेका छन् । कर्णालीमा सबै जिल्ला शाखा र प्रदेश समितिले अधिवेशन सम्पन्न गरेका छन् ।

### ३.२ शुद्धीकरण समिति र शुद्धीकरण मापदण्ड

सुर्खेत साधारणसभाबाट गठन भएको शुद्धीकरण समितिले शुद्धीकरणको मापदण्ड र कार्यविधि (**अनुसूची ३**) बनाएर काम गरेको छ । पटक पटकको औपचारिक तथा अनौपचारिक बैठकबाट तय भएको शुद्धीकरण मापदण्ड लुम्बिनीमा सम्पन्न केन्द्रीय समिति बैठक र राष्ट्रिय मिडिया सम्मेलनमार्फत पारित भएर लागू भएको छ । शाखा समिति तथा एसोसिएट संस्थाले गरेको निर्णय, त्यसमा प्राप्त उजुरीको अध्ययन गरेर प्रदेश समितिले गरेको निर्णयका आधारमा शुद्धीकरण समितिमार्फत केन्द्रीय संगठन विभागले प्राप्त उजुरीका आधारमा सबै सदस्यको विवरण तयार गरेको छ । विवरण तयार गर्ने काममा केन्द्रीय सदस्यहरु रामकृष्ण अधिकारी, विकास कार्की, केसी लामिछाने र उत्तरसिंह विष्ट झण्डै तीन महिना खटिएको कुरा म यो महाधिवेशनलाई जानकारी गराउँछु । विवरणले सबै शाखाका सदस्यहरुको अवस्थामा एकरुपता ल्याउन सहयोग पुग्ने विश्वास छ ।

शाखा समिति र प्रदेश समितिबाट आएका नामको एकरुपता हेरेर शुद्धीकरण समितिले यथाशीघ्र आवश्यक निर्णय लिनेछ । एकहप्ताभित्रै संगठन विभाग र केन्द्रीय समितिमार्फत सदस्य नवीकरण र नयाँ सदस्यताको विवरण टुंगो लगाउने प्रतिवद्धता जनाउँछु । त्यसका लागि शुद्धीकरण समितिका कुनै एक सदस्य उपस्थित हुन नसकेमा पनि निरन्तर बैठक बसेर निर्णय लिने प्रस्ताव गर्दछु । म यो गरिमामय महाधिवेशनमार्फत नयाँ नेतृत्व चयनका लागि जेठ १९ गते एकैसाथ निर्वाचनको मिति प्रस्ताव गर्दछु । विधानमा भएको मानार्थ सदस्यता कस्ता व्यक्तिलाई दिने र कस्तालाई नदिने भन्ने विषयमा कार्यविधि बनाएर यस हलमा प्रस्ताव गरिएको छ । मानार्थ सदस्यताको कार्यविधि **अनुसूचि २ मा** राखिएको छ । महासंघको आग्रह अनुसार स्वेच्छाले सदस्यता त्याग गर्नेहरुप्रति सम्मान व्यक्त गर्दछु । शुद्धीकरण अभियानलाई लागू गर्ने सम्पूर्ण शाखा समिति, एसोसिएट संस्था र प्रदेश समिति यो अभियानका धन्यवादका पात्र हुन् ।

विभिन्न पेशा व्यवसायलाई मुख्य पेशा बनाएर सक्रिय पत्रकारिता पनि गर्दै आइरहेका व्यक्तिलाई पनि महासंघमा जोड्नका लागि आंशिक पत्रकार, मिडिया अनुसन्धानको क्षेत्र, मिडियाका विद्यार्थी, मिडियाको मार्केटिङ

तथा व्यवस्थापनमा सक्रियलाई फरक प्रकारको सदस्यता (मतदान गर्न र चुनिन नपाउनेगरी) प्रदान गर्नेगरी विधान परिमार्जनका लागि प्रस्ताव गर्दछु । साथै, शिक्षक, कर्मचारीलगायतले पार्टटाइम अहिले पनि पत्रकारिता गरिरहेको अवस्थामा उनीहरुको सदस्यता पूर्णरुपमा पत्रकारितामा फर्किएको बेलामा पहिलेकै मितिदेखि सदस्यता सक्रिय रहने प्रस्ताव म यो गरिमामय महाधिवेशनमा गर्न चाहन्छु । आगामी विधान अधिवेशनबाट चुन्न, चुनिन नपाउने महासंघका सदस्यमध्येबाट फरक फरक क्षेत्रबाट प्रतिनिधित्व गर्नेगरी र महासंघको केन्द्रीय समितिको बैठकमासमेत पक्षविपक्षमा मतदान गर्न नपाउनेगरी तीनजनालाई आमन्त्रित सदस्यकोरुपमा मनोनित गर्ने प्रावधान राख्न प्रस्ताव गर्दछु । शुद्धीकरण मापदण्ड र कार्यविधि यस महाधिवेशन सामु प्रस्तुत गर्दछु ।

## ४. पत्रकारिता क्षेत्रमा देखिएको संकट

### ४.१ कोभिडपछिको चुनौति

कोभिड १९ को महामारीपछि देखिएको आर्थिक संकटले सञ्चार गृह पनि सस्यामा छन् । महामारीपछि सबैजसो अर्थसामाजिक अवयवलाई धेरथोर प्रभावित पारे पनि सञ्चार क्षेत्र सबैभन्दा मारमा पऱ्यो । उक्त महाव्याधिले धर्मराएको विश्व अर्थतन्त्रका बाछिटा नेपालको राष्ट्रिय अर्थतन्त्रमा समेत परे । फलस्वरुप पत्रकारिता क्षेत्रमा संकट देखिएको छ । कयौं पत्रपत्रिकाहरूले कर्मचारी कटौती गरे भने घट्दो विज्ञापनका कारण छापासहित कयौं सञ्चारसंस्था पूर्ण रुपमा बन्द पनि भए ।

एकातिर इन्टरनेटमा आधारित सामाजिक सञ्जालका कारण समाचार उत्पादन, वितरण र उपभोगको तौरतरिकामा आएको व्यापक परिवर्तनका कारण सङ्कटसँग जुधिरहेका सञ्चारमाध्यमहरू अचानक देखापरेको आर्थिक सङ्कटका कारण झन् जर्जर अवस्थामा पुगे भने अर्कोतिर कयौं पत्रकार तथा मिडियाकर्मीले आफ्नो रोजगारी गुमाए । एकातिर आर्थिक सङ्कट त अर्कोतिर विश्वासको सङ्कटका कारण पत्रकारिताले नागरिकलाई सुसुचित गर्ने आफ्नो धर्म निर्वाह यथावत रुपमा गर्न सक्ने हो वा होइन भन्ने गम्भीर सवालहरू खडा भएका छन् । झन् प्रविधिमा आएको पछिल्लो परिवर्तन र कृतिम बौद्धिकता अर्थात् Artificial Intelligence ले नयाँ नयाँ सीपहरूले सुसज्जित हुन र भविष्यका लागि तयार रहन चुनौती थपेका छन् । यी र यस्ता चुनौतीहरूलाई चिर्दै पत्रकारिता पेशालाई अझ सान्दर्भिक, स्वतन्त्र, पारदर्शी र जवाफदेही बनाउनु पर्ने छ ।

बलियो लोकतन्त्रका लागि बलिया सञ्चार संस्थाहरू चाहिन्छ, स्वतन्त्र पत्रकारिता आवश्यक पर्छ । र, पत्रकारितामा देखापरेको विश्वव्यापी सङ्कट पत्रकारिताको मात्र नभएर विश्व लोकतन्त्रकै सङ्कट हो । नागरिकलाई सूचना र समाचार उपलब्ध गराई सत्ता र शक्तिमाथि खबरदारी गर्ने सञ्चार संस्था र पत्रकारिता कमजोर हुँदा अन्ततः त्यसको असर पर्ने लोकतान्त्रिक प्रणालीमै हो । अतः नेपाल पत्रकार महासंघले पत्रकारितामा देखिएको यो सघन सङ्कट समाधानका उपायहरूको खोजी गर्ने र पत्रकारितामा दिगोपना खोज्नका लागि स्पष्ट रणनीति तय गर्नुपर्ने आवश्यकता छ ।

### ४.२ पत्रकारिता क्षेत्रमा देखिएको संकटको कारण

पत्रकारितामा आएको विश्वव्यापी संकटलाई मुलतः चार तरिकाले बुझ्न सकिन्छ । पहिलो, वित्तीय संकट । विज्ञापनमा आधारित सञ्चारमाध्यमहरूको परम्परागत अर्थोपार्जनको मोडेलमा इन्टरनेटमा आधारित प्लेटफर्महरूको दूत विकासका कारण व्यापक परिवर्तन आएको छ । यसले परम्परागत सञ्चारसंस्थाहरूको आम्दानी ह्वात्तै घटाइदिएको छ । फलस्वरुप मिडियाको दिगोपना र गुणस्तरीय पत्रकारितामा लगानी गर्ने उनीहरूको क्षमतामा ह्रास आएको छ ।

दोस्रो, विश्वसनीयताको संकट । इन्टरनेटमा आधारित मिडिया र सामाजिक सञ्जालको बढ्दो प्रयोगका कारण मिथ्या सूचना, भ्रामक सूचना र दूस्सूचना तथा प्रोपागन्डाहरू उल्लेखनीय रुपमा बढेका छन् । माथि उल्लेखित

चरम आर्थिक सङ्कटका कारण अनुसन्धानमूलक रिपोर्टिङ हुन नसक्दा सतही रिपोर्टिङमा सञ्चारमाध्यमहरू निर्भर हुनुपरेको तीतो यथार्थ हामीसामु छ । फलस्वरुप, पत्रकारिताप्रति आम नागरिकको विश्वासमा ह्रास आएको छ । झन्, सामाजिक सञ्जाल र अन्य डिजिटल प्लेटफर्महरू मार्फत मिथ्या सूचना तथा दूस्सूचनाको द्रुत फैलावटले विश्वसनीयताको यो संकटलाई सघन बनाएको छ ।

तेस्रो, सञ्चार तथा सूचना प्रविधिको विकासले निम्त्याएको सङ्कट । इन्टरनेटमा आधारित सूचना प्रविधिको क्रान्तिकारी विकासले निम्त्याएका सङ्कट र सम्भावनासँग पनि समकालीन पत्रकारिता जुधिरहेको छ । खासगरी मोबाइल प्रविधि र आर्टिफिसियल इन्टेलिजेन्समा आधारित प्रविधि र टुलहरूको द्रुत विकासले पत्रकारहरूलाई नयाँ उपकरण र प्लेटफर्महरूमा आफूलाई अब्बल र अभ्यस्त बनाउनुपर्ने चुनौती थपेको छ । छिनछिनमा परिवर्तन भइरहेका यस्ता डिजिटल प्रविधिहरूलाई पत्रकारिताको दैनन्दिन प्रक्रियामा अपनाउनुपर्ने आवश्यकता झन् टड्कारो भएको छ ।

चौँथो, पाठक, स्रोता र दर्शकहरूमा देखिएको दुविधाको चुनौती । आज सूचनाको प्राधिकार हामी पत्रकार हरूसँग मात्र छैन । हामीले भेट्ने स्रोतहरूसँग पनि मिडिया छन्, कम्तिमा सामाजिक सञ्जालमा उनीहरू जोडिएका हुन्छन् । पाठक, स्रोता र दर्शकहरूसँग पनि सूचनाका अपार स्रोतहरू उपलब्ध छन् । भलै, त्यहाँ मिथ्यासूचना वा भ्रामक सूचनाको मात्रा बढी होला तर आमनागरिकहरू इन्टरनेटका फिल्टर बबल (Filter Bubble) हरूमा हराइरहेका छन् । अतिसूचना (Information Overload) का कारण उनीहरू झन् दिग्भ्रमित छन् । तर सम्पादकीय प्रक्रिया अपनाएर  सत्यापन (Verification) सहित समाचार सामग्री प्रकाशित गर्ने विश्वसनीय सञ्चारमाध्यमहरूसम्म हामीले पाठकहरूलाई आकर्षित गर्न सकिरहेका छैनौं । फलस्वरुप, हामी पाठक गुमाइरहेका छौँ, पाठकहरू आफूलाई अत्यावश्यक सूचनाबाट बञ्चित भइरहेका छन् ।

यसरी, विज्ञापन बजारमा आएको परिवर्तनले निम्त्याएको सञ्चारमाध्यमहरूको वित्तीय अस्थिरता, मिथ्यासूचना र दुस्सूचनाको बाढी, डिजिटल मिडियाको बढ्दो प्रयोग र प्रभाव तथा समाचारका उपभोक्तामा देखिएको अरुचिलगायतका चुनौतीसँग जुध्दै जारी पत्रकारिताको सङ्कटलाई सम्भावनामा बदल्ने अवसरको खोजी गर्न महासंघले रणनीतिहरू तय गर्नुपर्ने आवश्यकता छ ।

यदि अहिलेको युगलाई सामाजिक सञ्जालको युग मान्ने हो भने मूलधारको मिडिया झन् अवश्यम्भावी छ । यसको आवश्यकता झन् बढेको छ । सामाजिक सञ्जालले पत्रकारिता जोगाउँदैन । बरु सामाजिक सञ्जालको पनि सिर्जनात्मक प्रयोग गर्दै पत्रकारिता जोगाउने काम हामी पत्रकारहरूकै हो । प्रविधिलाई आत्मसात गरेर अगाडि बढ्नु नै अहिलेको मुख्य कार्य हो । हामीले द एसिया फाउण्डेसनसँग मिलेर युट्युबमा काम गर्नेहरुको भेला, उनीहरुलाई मिडिया साक्षरता तथा आचारसंहितालगायतका विषयमा प्रशिक्षणको तयारी गरेका छौँ । अबको ६ महिनाभित्र यो काम गर्नेगरी सम्झौता भएको पनि म यो महाधिवेशनमा जानकारी गराउन चाहन्छु ।

यीबाहेक नेपालका आफ्ना विशिष्ट चुनौतीहरू पनि छन् । भर्खरै व्यावसायिकतातर्फ लम्किएको नेपालको सञ्चारजगत तीन दशक नपुग्दै थला परेको जस्तो देखिन्छ । फलस्वरुप, अधिकांश सञ्चारसंस्थाहरूमा श्रमको समस्या देखिएको छ । पेशागत असुरक्षा, न्यून तलब, अनियमित भुक्तानी, व्यावसायिक विकासका लागि आवश्यक प्रशिक्षणहरूको अभाव लगायतका चुनौती हामीले भोगिरहेका छौँ ।

### ४.३ समस्या समाधानमा अबको बाटो

कोभिड-१९ यता कयौँ सञ्चारसंस्था बन्द भएका छन् भने कयौँ पत्रकारहरूले रोजगारी गुमाउनुपर्दा पेशाबाटै पलायन हुनुपर्ने दुखद स्थिति देखा परेको छ । नयाँ पत्रकारहरूलाई पत्रकारितामा आकर्षित गर्न सकिएको छैन । यी चुनौतीहरूको सामनाका लागि नेपाल पत्रकार महासंघले मिडियाका बहुसरोकारवालाहरूसँग सार्थक सम्वाद तथा समाधानका उपायहरूको खोजीका लागि पहल लिइरहेको छ ।

तुलनात्मक रुपमा हेर्दा नेपालको सञ्चार परिदृश्यमा व्यापक विविधिकरण छ। हामीसँग छापा सञ्चारमाध्यमसँगै विश्वमै उदाहरणीय स्थानीय रेडियोहरू छन्, जो अहिले सबैभन्दा चरम सङ्कटबाट गुज्रिरहेका छन् । टेलिभिजन पनि डिजिटल प्रविधि र समाचार उपभोगमा आएको परिवर्तनका कारण सङ्कटबाट गुज्रिरहेका छन् । तुलनात्मक रुपमा नयाँ भए पनि ठूलो संख्याका अनलाइन सञ्चारमाध्यमहरू खुल्दै र बन्द हुँदै गरिरहेका छन् । साना लगानीमा सञ्चालित सञ्चारमाध्यम तथा स्थानीय सञ्चारसंस्थाहरू पनि माथि उल्लेखित चुनौतीहरूसँग जुधिरहेका छन् । उनीहरूको दिगोपनाका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ ।

त्यसका लागि, सरकारले उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापन यसलाई समानुपातिक रुपमा वितरण गर्ने विधि बनाएर मात्र अब पुग्दैन । स्थानीय प्रकृतिका र साना लगानीका सञ्चारमाध्यमहरूलाई बचाउन मिडिया कल्याणकारी कोष बनाई प्रतिस्पर्धात्मक रुपमा बिउपूँजी उपलब्ध गराउने वा खोजमूलक समाचार सामग्री उत्पादनका लागि स्रोतसाधन उपलब्ध गराउने परोपकारी पहलको थालनी गर्नुपर्ने देखिएको छ । यसमा व्यापक जनसुमदायलाई पनि आह्वान गर्न सकिन्छ । यस्तो प्रयास विकसित भनिएका पश्चिमा मुलुकमा अभ्यासमा छन् । किनभने, मिडिया विशुद्ध व्यापार मात्र नभई लोकतन्त्रको आधारस्तम्भ पनि हो । यसर्थ, मिडिया र पत्रकारितामा आएको सङ्कटलाई लोकतन्त्रमाथि आएको सङ्कट हो भनेर आत्मसाथ गर्न ढिला गर्नु हुँदैन । यस दिशामा ठोस रणनीति तय गर्न नेपाल पत्रकार महासंघ सरकार तथा अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय सरोकारवालाहरूसँग सम्वाद तथा सहकार्य गर्न सदैव तयार छ । यो लोकतन्त्रलाई सुदृढीकरण गर्ने अभियानमा नयाँ फड्को हुन सक्छ ।

यसबाहेक, मिथ्यासूचना, दूस्सूचना र घृणायुक्त अभिव्यक्तिहरूको दुश्चक्रबाट समाजलाई जोगाउन मिडिया साक्षरता अभियानहरूमा राज्यले लगानी गर्नुपर्ने आवश्यकता छ । त्यसका लागि सिङ्गो पत्रकारिता क्षेत्रको साथ रहने महासंघको प्रतिबद्धता छ । पत्रकारिता क्षेत्रबाट जानअन्जानमा मिथ्यासूचना, दूस्सूचना र घृणायुक्त अभिव्यक्तिहरू फैलिन नदिन पत्रकार आचारसंहिता अक्षरशः पालना गर्न/गराउन नेपाल पत्रकार महासंघ प्रतिबद्ध छ । महासंघले निरन्तर यो विषयमा काम गरिरहेको छ ।

विभिन्न प्रशिक्षणहरूमार्फत् पत्रकारहरूलाई सञ्चार तथा सूचना प्रविधिको प्रयोगमा सुसज्जित बनाई पत्रकारिताको विश्वसनीयता पुनःस्थापित गर्न, नैतिक एवं निष्ठावान् पत्रकारिता प्रबर्द्धन गर्न र आम पाठक स्रोता दर्शकका सूचनाका आवश्यकताहरू पुरा गर्दै राज्यलाई अझ लोकतान्त्रिक र जवाफदेही बनाउन पत्रकार महसंघले सधैं झैं खबरदारी गरिनै रहनेछ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुदृढीकरण, पत्रकारहरूको पेशागत तथा भौतिक सुरक्षा एवं स्वतन्त्र, पारदर्शी र जवाफदेही सञ्चारमाध्यमको दिगोपनकाका लागि महासंघले लिने पहलमा सचेत पाठक, स्रोता र दर्शकसहित सञ्चार क्षेत्रका बहुसरोकारवालाको साथ, सहयोग र भरोसा रहनेमा हामी विश्वस्त छौं । त्यसैले अब पत्रकारिता क्षेत्रमा देखिएको संकट समाधानका लागि नागरिकलाई पनि संगै लिएर अगाडि बढ्नेगरी योजना तर्जुमा गर्न म यो महाविधेशनमा प्रस्ताव गर्दछु ।

## ५. महासंघका प्राथमिकता तथा कार्यक्रमहरु

### ५.१ महासंघलाई डिजिटलाइज् गर्ने प्रयास

महासंघको पहलमा सूचना तथा प्रसारण विभागले जारी गर्ने पत्रकार परिचयपत्र प्राप्तिमा अहिले पहिलेको तुलनामा सहज भएको छ । तर पनि धेरै पत्रकारले कार्ड प्राप्त गर्न समस्या भएको विषयमा महासंघले पटकपटक मन्त्रालय र विभागसँग छलफल गरेको छ । पूर्वअध्यक्ष लगायतका वरिष्ठ पत्रकारलाई सहज ढंगले कार्ड जारी गर्न विभाग सहमत भएको छ । तर, महासंघकै परिचयपत्रका आधारमा सबै ठाउँमा रिपोटिङ गर्न पाउनेगरी व्यवस्था गर्न थप पहल आवश्यक देखिएको छ । नेपाल मिडिया काउन्सिल विधेयकको ड्राफ्टमा काउन्सिलले नै पत्रकार परिचयपत्र जारी गर्ने कुरा उल्लेख गरिएको छ । त्यसलाई संशोधन गरेर महासंघकै परिचयपत्रका आधारमा रिपोटिङ गर्न पाउनेगरी व्यवस्था गर्नुपर्छ ।

महासंघका माइनुट लगायतका महत्वपूर्ण कागजातलाई डिजिटलाइज गरिएको छ । अहिलेसम्म महासंघमा प्राप्त सबै माइनुटलाई डिजिटल संग्रहमा रुपान्तरण गरिएको छ । अन्य डकुमेन्टलाई पनि डिजिटलाइज गर्ने काम अन्तिम चरणमा छ । महासंघका हरेक सदस्यको व्यक्तिगत विवरण हेर्न मिल्नेगरी वेबसाइटमा व्यस्था गरिएको छ । सदस्यताको सूचीकरण लगत्तै हरेक सदस्यले आफूले नै सदस्यता नवीकरण गर्न पाउने प्रणाली तयार गरिएको म यो गरिमामय महाधिवेशनमा जानकारी गराउन चाहन्छु । महासंघको भौतिक संरचनातर्फ महासंघको भवनलाई पूर्णता दिने र विभिन्न सफ्टवेयरमार्फत सचिवालयका कामलाई व्यवस्थित गर्न पहल थालिएको छ ।

सञ्चार माध्यमका समाचार कक्षलाई थप समावेशी बनाउनेगरी र मातृ भाषामा पत्रकारिता गर्नेलाई थप प्रोत्साहन दिन पहल गरिएको छ । सरकारले आउँदो बजेटमा मातृ भाषामा पत्रकारिता गर्नेहरुलाई प्रोत्साहन गर्नेगरी कार्यक्रम ल्याउन प्रतिवद्धता जनाएको छ । महासंघका विभिन्न विभागमार्फत यस सम्बन्धमा छलफल भएको छ । अपांगता भएका पत्रकारको अभिलेखिकरणको प्रयास गरिएको छ । विभिन्न संघसंस्थासँग मिलेर क्षमता विकासका लागि कार्यक्रम गरिएको छ ।

### ५.२ कार्यस्थलको सुरक्षा, महासंघको प्राथमिकता

नेपाल पत्रकार महासंघले कार्यस्थलको सुरक्षालाई प्राथमिकतामा राखेर काम गरेको छ । पत्रकारको भौतिक सुरक्षासँगै सुरक्षित कार्यस्थलका विषयमा पनि महासंघले काम थालेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको सहयोगमा बनाइएको सुरक्षित कार्यस्थल निर्देशिका, २०७९ लाई कार्यान्वयनमा ल्याउन सञ्चार गृहहरुलाई आग्रह गरिएको छ । सञ्चार क्षेत्रमा हिंसा तथा दुर्व्यवहार विरुद्ध आउने गुनासो तथा उजुरीहरुलाई कानूनी सहायता उपलब्ध गराइएको छ । महासंघले सञ्चार क्षेत्रमा हुने लैंगिक तथा अन्य हिंसाका घटनालाई आफ्नो कानूनी सहायता डेस्कमार्फत सम्बोधन गर्दै आइरहेको छ । त्यस्ता पत्रकार महिलालाई निःशुल्क कानूनी सहायता उपलब्ध गराइएको छ ।

पछिल्लो एक वर्षमा २ जना पत्रकार महिलालाई कानूनी परामर्श उपलब्ध गराइएको छ । महासंघको महिला विभाग, उपलब्ध पदाधिकारी र महासंघको फ्रन्ट डेस्कमार्फत यस्ता गुनासो सुनुवाइ हुने व्यवस्था मिलाइएको छ । काठमाडौं उपत्यकाभित्र मात्र नभएर काठमाडौं उपत्यका बाहिरका सञ्चार गृहमा पनि कार्यस्थलको सुरक्षा र पत्रकार महिलाका समस्या सम्बोधन लागि शाखा समितिहरुले पहल गर्दै आइरहेको म स्मरण गर्न चाहन्छु ।

### ५.३ कोरोना संक्रमणकालमा पत्रकार महासंघ

कोभिड महामारीका कारण २६ पत्रकार तथा सञ्चारकर्मीले ज्यान गुमाएका थिए । २६औं महाधिवेशन लगत्तै देशभर कोभिडको नयाँ लहर थपिएको थियो । झण्डै ५ हजार जना पत्रकार संक्रमित बने । विश्व स्वास्थ्य संगठनसँग मिलेर बनाइएको स्वास्थ्य सुरक्षा मापदण्डलाई फेरि समयानुकूल परिमार्जन गरेर कोभिडको जोखिममा कसरी आफ्नो स्वास्थ्य सुरक्षामा ध्यान दिने र रिपोर्टिङ गर्ने भनेर गाइडलाइन जारी गरेका थियौं । प्रदेश समिति, शाखा तथा एसोसिएट संस्था र प्रतिष्ठानलाई हामीले स्वास्थ्य सामग्री उपलब्ध गरायौं । समस्यामा परेका पत्रकारका लागि हामीले औषधिलगायतका महत्वपूर्ण स्वास्थ्य सामग्री वितरण गरिएको थियो ।

केन्द्रीय कार्यालयमा १० बेडको अक्सिजनसहितको आइसोलेसन केन्द्र स्थापना गरेका थियौं । केन्द्रीय समितिको सर्कुलरअनुसार विभिन्न २५ शाखाले पत्रकारका लागि आइसोलेसन केन्द्र स्थापना गरेर काम गरेका थिए । केही जिल्ला शाखाले संक्रमित आम सर्वसाधारणको उपचारको व्यवस्था पनि मिलाए । केन्द्रीय कार्यालयमार्फत हामीले काठमाडौं उपत्यका र काठमाडौं उपत्यकाभन्दा बाहिर पनि १ सय ९ जना पत्रकारका लागि भेन्टिलेटर, आइसियू र बेड व्यवस्थापन गर्‍यौं । ५१ जना पत्रकारले केन्द्रको पहलमा आइसोलेसन सेन्टरमा सेवा प्राप्त गरे । काठमाडौं उपत्यकामा अक्सिजनको चरम अभाव भएको समयमा हामीले बारासम्म गाडी पठाएर काठमाडौंमा अक्सिजन ल्याएका थियौं ।  भ्याक्सिनेसनको काममा हामीले पहल गर्‍यौं । केन्द्रको आग्रहअनुसार काठमाडौं उपत्यकाबाहिर प्रदेश, जिल्ला शाखा निक्कै सक्रिय भएर भ्याक्सिनेसन सफल भएको म स्मरण गर्न चाहन्छु ।

### ५.४ महासंघका कार्यक्रमिक गतिविधि

नेपाल पत्रकार महासंघको विधानले निर्दिष्ट गरेका विभिन्न काम गर्न हामीले विभिन्न संघसंस्थासँग समन्वय र सहकार्य गरेका छौँ । त्यस्तै अहिले भइरहेका विभिन्न कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिएको छ ।

नेपाल पत्रकार महासंघले युरोपियन युनियनको आर्थिक एवं इन्टरनेशनल एलर्टको प्राविधिक सहयोगमा लोकतन्त्रको सुदृढीकरण : नागरिक सरोकार, संलग्नता र जवाफदेहिता (Strengthening Democracy: Voice, Civic Engagement and Accountability) परियोजना कैलाली, दाङ, रुपन्देही सुर्खेत, कास्की, धनुषा, सर्लाही, मकवानपुर, सुनसरी, मोरङ र काठमाडौँ गरी ११ वटा जिल्लाहरूमा लागू गरेको छ ।

यस अन्तर्गत निम्न क्रियाकलापहरू सम्पन्न भैसकेका छन् ।

| **क.सं** | **कार्यक्रम** | **सहभागी संख्या** | **कैफियत** |
|---|---|---|---|
| १ | ७ वटा प्रदेश राजधानीहरूमा परियोजना अभिमुखीकरण | २२१ | |
| २ | मिडिया कानुन सम्बन्धी संघीय संवाद | ८० | |
| ३ | फ्रि मिडिया नेटवर्कको कार्यशाला गोष्ठी | ३१५ | |
| ४ | प्रदेश स्तरीय संवाद (पोखरा, धनगढी, सुर्खेत, विराटनगर) | १२७ | |
| ५ | फ्रि मिडिया नटवर्क मिटिङ (२२ वटा) | ३३० | |
| ६ | अन्य मिटिङ (११ वटा) | १३२ | |

परियोजनाले पत्रकारहरूको व्यावसायिकता, तथ्यमा आधारित पत्रकारिता, सूचनाको पहुँच एवं पत्रकार हरूलाई काम गर्ने सुरक्षित वातावरणको विकासमा टेवा पुऱ्याएको छ । साथै, नेपाल पत्रकार महासंघले सञ्चालन गरेको यस परियोजनाको अवधि सन् २०२३ मार्चदेखि सन् २०२६ फेब्रुवरीसम्म रहेको छ । यो परियोजना अन्तर्गत हाल ११ वटा जिल्लामा नमूनाका रुपमा गठन गरिएको फ्रि मिडिया नेटवर्कले अभिव्यक्ति स्वतन्त्रतालाई अभिवृद्धि गर्दै पत्रकारिताका बारेमा सम्वाद गर्ने एक साझा चौतारीको काम गरेको हुँदा सो नेटवर्कलाई प्रदेश स्तर र ७७ जिल्लाहरुमा समेत विस्तार गर्ने तयारी गरिएको छ ।

नेपाल पत्रकार महासंघले एशिया द फाउन्डेशनसँगको सहकार्यमा स्वतन्त्रता र समावेशताका लागि मिडिया सशक्तिकरण (Empowering the Media for Freedom and Inclusion) परियोजना समेत लागू गरिरहेको छ । सुरुको चरणमा काठमाडौ, मधेश प्रदेश र लुम्बिनी प्रदेश यो परियोजनाको कार्य क्षेत्र रहेको छ । ८ महिने यो परियोजनालाई नेपाल पत्रकार महासंघले निरन्तरता प्रदान गर्नका लागि थप क्रियाशील रहने छ ।

राष्ट्रिय सूचना आयोगसँगको सहकार्यलाई समेत पत्रकार महासंघले उच्च प्राथमिकतामा राखेको छ । सूचनाको हक सम्बन्धी ऐन अभ्यासका क्रममा पत्रकारले गरेका अनुभव तथा भोगाईलाई अभिलेखीकरण गर्ने, पत्रकारले सूचनाको हक सम्बन्धी ऐनको प्रयोग गरी सूचना खोज्ने क्रममा भोगेको चुनौतिहरू कम गर्न अपनाउन सकिने रणनीतिहरू तय गर्ने कार्यमा समेत राष्ट्रिय सूचना आयोगसँग समन्यव गरिरहेको छ । साथै, राष्ट्रिय सूचना आयोगलाई अरु प्रभावकारी बनाउने कार्यमा नेपाल पत्रकार महासंघ महासंघ प्रतिवद्ध छ ।

नेपाल पत्रकार महासंघ आफ्नो विधानको मातहतमा रही प्रेस स्वतन्त्रता, पत्रकारिताको व्यववसायिकता, पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने हेतुले विभिन्न दातृ निकायहरू सँग समन्यव एवं सहकार्य गर्दै अघि बढ्ने छ ।

अन्त्यमा, २७औं महाधिवेशनको उद्घाटन सत्रका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहितका सम्पूर्ण अतिथि, महासंघका पूर्वअध्यक्ष तथा सभापति, विभिन्न संघ संगठनका अध्यक्ष एवं प्रतिनिधि सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । तीन वर्षसम्म मलाई सहयोग गर्ने अध्यक्ष ज्यूसहित सम्पूर्ण पदाधिकारी, महासंघका सल्लाहकार ज्यू, केन्द्रीय समितिका सदस्य र लेखा समिति सदस्यप्रति हार्दिक आभार व्यक्त गर्दछु । महाधिवेशन सम्पन्न गर्न महत्वपूर्ण सहयोग गर्ने काठमाडौं शाखालाई पनि धेरै धन्यवाद ।

**धन्यवाद ।**

**अनुसूचि १**

**नेपाल पत्रकार महासंघ कानुनी डेक्सको तर्फबाट तयार पारिएको रिपोर्ट**

| क्र.स. | पक्ष | विपक्षी | मुद्दा | स्थान |
|---|---|---|---|---|
| १. | १ जना | कारोवार राष्ट्रिय दैनिक | अवकास बदर | सर्वोच्च अदालतबाट फैसला भई जितेको |
| २. | १ जना | सिलापत्र अनलाईन | अवकास बदर | श्रम अदालतबाट मिति:२०७९/०२/११ गते फैसला भई जितेको आंशिक फैसला कार्यान्वयन भई श्रम अदालतमा चलि रहेको |
| ३. | गोविन्द आचार्य | अ.विष्णु लुईटेल | उत्प्रेषण | सर्वोच्च अदालतमा चलिरहेको । |
| ४. | गोविन्द आचार्य/ भक्तिराम घिमिरे | नेपाल सरकार समेत | परमादेश श्रमजीवी पत्रकारको लोककल्याणकारी कोषको विषयमा | सर्वोच्च अदालतमा चलिरहेको |
| ५. | १ जना | उज्यालो नेटवर्क | पारिश्रमिक सेवा सुविधा | प्रेस रजिष्ट्रारमा चलि रहेको |
| ६. | १ जना | हिमालयन टि.भी. | हाजिर गराई, सेवा सुविधा | श्रम अदालतबाट मिति:२०७९/०३/०७ गते फैसला भई जितेको, फैसला कार्यान्वयन भएको |
| ७. | १ जना | नागरिक राष्ट्रिय दैनिक | सेवा सुविधा | परामर्श |
| ८. | ६ जना | अन्नपुर्ण राष्ट्रिय दैनिक | हाजिरी, सेवा सुविधा | श्रम कार्यालयमा मिलापत्र भएको । |
| ९. | १ जना | कान्तिपुर राष्ट्रिय दैनिक | सेवा सुविधा | सर्वोच्च अदालतमा चलिरहेको । |
| १०. | १ जना | कान्तिपुर राष्ट्रिय दैनिक | सेवा सुविधा | सर्वोच्च अदालतमा चलिरहेको । |
| ११. | नेपाल पत्रकार महासंघ | भोलानाथ पौडेल | उत्प्रेषण | मिति २०७८/०५/०३ गते फैसला भई जितेको । |
| १२. | दुई जना | एभिन्युज टि.भि. | उत्प्रेषण | सर्वोच्च अदालतमा फैसला मिति:२०७८/०९/२१ गते जितेको |
| १३. | १ जना | नेपाल वान | | सर्वोच्च अदालतबाट फैसला भएको फैसला कार्यान्वयन प्रक्रियामा रहेको । |
| १४. | १ जना | सगरमाथा टि.भी. | पारिश्रमिक, सेवा सुविधा | श्रम कार्यालयमा चलि रहेको |
| १५. | १ जना | एभिन्युज टि.भी. | पारिश्रमिक सेवा सुविधा | सर्वोच्च अदालतमा चलि रहेको |
| १६. | १ जना | माउन्टेन टि.भी. | सेवा सुविधा सम्बन्धमा | श्रम कार्यालयमा मिलापत्र भएको । |
| १७. | १ जना | उकेरा डट कम | हाजिर गराई पाऊँ सेवा सुविधा सम्बन्धमा | अदालतमा चलिरहेको । |
| १८. | १ जना | द रिपब्लिका | सेवा सुविधा | श्रम अदालतबाट जितेको |
| १९. | १ जना | द हिमालयन टाइम्स | सेवा सुविधा | मिलापत्र भएको |
| २०. | २७ जना | अन्नपुर्ण राष्ट्रिय दैनिक | सेवा सुविधा | मिलापत्र भएको । |

| | | | | |
|---|---|---|---|---|
| २१. | १ जना | रेडियो नेपाल | पुर्नवहाली | श्रम अदालतबाट मिलापत्र भई पुर्नवहाली भएको |
| २२. | १ जना | रेडियो नेपाल | पुर्नवहाली | श्रम अदालतबाट मिलापत्र भई पुर्नवहाली भएको |
| २३. | १ जना | रेडियो नेपाल | पुर्नवहाली | श्रम अदालतबाट मिलापत्र भई पुर्नवहाली भएको |
| २४. | १ जना | नेपाल सरकार | विद्युतिय कारोवार सम्बन्धी कसुर | उच्च अदालतबाट फैसला भएको । |
| २५. | १ जना | नेपाल सरकार | विद्युतिय कारोवार सम्बन्धी कसुर | फैसला भएको । |
| २६. | १ जना | रेडियो सगरमाथा | सेवा सुविधा सम्बन्धमा । | परामर्श |
| २७. | १ जना | प्राइम टाइम्स टि.भी. | अवकास बदर | श्रम अदालतबाट फैसला भई कार्यान्वयनको चरणमा रहेको |
| २८. | १ जना | नेपाल ब्रोडकास्टिङ्ग च्यानल प्रा.लि. | अवकास बदर | श्रम अदालतबाट मितिः२०७९/०२/१९ गते फैसला कार्यान्वयन समेत भएको |
| २९. | १ जना | नेपाल सरकार | निषेधाज्ञा | मिति २०७८।०९।१४ गते उच्च अदालत पाटनबाट जितेको । |
| ३०. | १ जना | नेपाल सरकार | निषेधाज्ञा | जितेको |
| ३१. | २ जना | कान्तिपुर दैनिक | सेवा सुविधा सम्बन्धमा | श्रम अदालतबाट जितेको |
| ३२. | १ जना | न्युज २४ टि.भी. | उपदान,संचयकोष लगायत सुविधा सम्बन्धमा । | श्रम अदालतमा मिलापत्र भएको । |
| ३३. | १ जना | माधव गुरागाँई | विधुतिय कारोवार ऐन अर्न्तगतको कसुर | काठमाडौ जिल्ला अदालतबाट जितेको । |
| ३४. | १ जना | कान्तिपुर टि भि | सेवा सुविधा सहित | मिलापत्र भएको |
| ३५. | १ जना | कान्तिपुर टि.भी. | सेवा सुविधा/उचित श्रम अभ्यास | श्रम अदालतबाट जितेको फैसला कार्यान्वयन समेत भएको । |
| ३६. | नेपाल पत्रकार महासंघ | जगतकृष्ण प्रजापती | उत्प्रेषण | सर्वोच्च अदालतबाट फैसला भएको । |
| ३७. | १ जना | विएफविएस | अवकास बदर | श्रम अदालतमा जितेको फैसला कार्यान्वयन भएको । |
| ३८. | १ जना | विएफविएस | अवकास बदर | श्रम अदालतमा जितेको फैसला कार्यान्वयन भएको । |
| ३९. | १ जना | विएफविएस | अवकास बदर | श्रम अदालतमा जितेको फैसला कार्यान्वयन भएको । |
| ४०. | १ जना | विविसी | अवकास बदर | सर्वोच्चमा चलि रहेको |

| | | | | |
|---|---|---|---|---|
| ४१. | १ जना | नेपाल सरकार | विधुतिय कारोवार सम्बन्धी कसुर | काठमाडौ जिल्ला अदालतबाट जितेको । |
| ४२. | १ जना | कान्तिपुर टि.भी. | सरुवा सम्बन्धी, सेवा सुविधा | सरुवामा मिलापत्र भएको ।<br>सेवा सुविधासम्वन्धमा श्रम अदालतमा चलिरहेको |
| ४३. | ७ जना | राजधानी दैनिक | सेवा सुविधा | श्रम अदालतमा चलि रहेको |
| ४४. | १ जना | रेडियो अन्नपुर्ण | उपदान | श्रम अदालतमा मिलापत्र भएको । |
| ४५. | १ जना | सिजी ग्रुप | निषेधाज्ञा | फैसला जितेको |
| ४६. | १ जना | बोधी टि.भी. | पारिश्रमिक, सुविधा | प्रेस रजिष्ट्रारको कार्यालय चलि रहेको |
| ४७. | १ जना | जनता टि.भी. | पारिश्रमिक, सुविधा | श्रम कार्यालयमा चलि रहेको |
| ४८. | १ जना | केन्द्रविन्दु अनलाईन | पारिश्रमिक | श्रम अदालतमा जितेको फैसला कार्यान्वयन भएको । |
| ४९. | १ जना | केन्द्रविन्दु अनलाईन | पारिश्रमिक | श्रम अदालतमा जितेको फैसला कार्यान्वयन भएको । |
| ५०. | १ जना | केन्द्रविन्दु अनलाईन | पारिश्रमिक | श्रम अदालतमा जितेको फैसला कार्यान्वयन भएको । |
| ५१. | १ जना | केन्द्रविन्दु अनलाईन | पारिश्रमिक | श्रम अदालतमा जितेको फैसला कार्यान्वयन भएको । |
| ५२. | १ जना | हार्टविट एफ.एम.कपिलबस्तु | पुर्नवहाली | श्रम अदालतमा फैसला भई जितेको |
| ५३. | १ जना | न्युज२४ टि.भी. | पारिश्रमिक, सुविधा | मिलापत्र भएको । |
| ५४. | १ जना | कान्तिपुर पब्लिकेशन | पारिश्रमिक/सुविधा | मिलापत्र भई सकेको |
| ५५. | १ जना | | गालि वेइज्जती | काठमाडौ जिल्ला अदालतमा चलि रहेको । |
| ५६. | १ जना | माउन्टेन टि.भी. | सुविधा | श्रम तथा रोजगार कार्यालय चलि रहेको । |
| ५७. | १ जना | कान्तिपुर पब्लिकेशसन | सुविधा | परामर्श चलि रहेको । |
| ५८. | १ जना | एनआईसी बैंक लि. | निषेधाज्ञा | मिलापत्र भएको । |
| ५९. | १ जना | कान्तिपुर पब्लिकेशन | सेवा सुविधा | मिलापत्र भएको । |
| ६०. | १ जना | टेकपाना | गालि वेइज्जती | फैसला भएको । |
| ६१. | १ जना | हिमालयन टि.भी. | पारिश्रमिक सुविधा | श्रम कार्यालयमा चलि रहेको । |
| ६२. | १ जना | अर्थ न्युज टि.भी. | पारिश्रमिक सुविधा | प्रेस रजिष्ट्रारमा चलि रहेको । |
| ६३. | तीन जना | नेपाल समय | पारिश्रमिक सुविधा | प्रेस रजिष्ट्रारमा चलि रहेको |
| ६४. | १ जना | इमेज टि.भी | सुविधा | श्रम कार्यालय चलि रहेको |
| ६५. | १ जना | ग्यालेक्सी फोर के | पारिश्रमिक तथा सुविधा | प्रेस रजिष्ट्रारमा चलि रहेको |

| | | | | |
|---|---|---|---|---|
| ६६. | १ जना | इमेज टि.भी. | सुविधा | श्रम कार्यालयमा चलिरहेको |
| ६७. | १ जना | रिपब्लिका मिडिया | अवकास बदर | श्रम अदालतमा चलि रहेको । |
| ६८. | १ जना | ग्लोवल टि.भी. | पारिश्रमिक तथा सुविधा | प्रेस रजिष्ट्रार |
| ६९. | १ जना | जनता टि.भी. | पारिश्रमिक तथा सुविधा | प्रेस रजिष्ट्रार चलि रहेको । |
| ७०. | १ जना | एफ.एम. | पारिश्रमिक तथा सुविधा | प्रेस रजिष्ट्रारमा चलि रहेको । |
| ७१. | तीन जना | कान्तिपुर पब्लिकेशन्स | पारिश्रमिक तथा सुविधा | श्रम कार्यालमा चलि रहेको । |

**श्रमडेस्क बाट**

| | | | | |
|---|---|---|---|---|
| ७२ | १ जना | सारा खबर अनलाइन) | पारिश्रमिक | आपसी सहमति |
| ७३ | २२ जना | रासस | पूर्नवाहाली | पूर्नवाहाली /सहमति |
| ७४ | १ जना | मुकाम मिडिया | पारिश्रमिक | सम्वाद, पछि उजुरी कर्ता नै सर्म्पकमा नआएको |
| ७५ | १ जना | नेपाल लाइभ | गालीगलौज/पारिश्रमिक | सम्वाद, प्रशिक्षार्थीमा काम गरेको र त्यसवापतको पारिश्रमिक उपलब्ध गराएको |
| ७६ | १ जना | पालिका खबर | पारिश्रमिक/राजीनामा | सम्वाद, कार्यालयमा आए पारिश्रमिक दिने बचन दिएको |
| ७७ | ३ जना | मेघा टेलिभिजन | पारिश्रमिक | सहमति |
| ७८ | १ जना | मिथिला टेलिभिजन | पारिश्रमिक | सहमति |
| ७९ | १ जना | नेपाल डेली डटकम | पारिश्रमिक | सम्वादकै क्रममा ब्यवस्थापन सम्पर्कविहिन |
| ८० | १ जना | विकास टाइम्स डटकम | पारिश्रमिक | सम्वादको चरणमा |
| ८१ | १ जना | क्यापिटल एफएम | पारिश्रमिक | सहमति |
| ८२ | १ जना | टुडे एक्सप्रेस जनकपुर | पारिश्रमिक | मधेस प्रदेश कमिटिलाई जिम्मा दिइएको, प्रक्रियामा रहेको |
| ८३ | १ जना | न्यूज २४ टेलिभिजन | पारिश्रमिक | सहमति |
| ८४ | १ जना | | पारिश्रमिक | आपसी सहमति, उजुरी पत्र आफै फिर्ता लिएको |
| ८५ | २९ जना | गोरखापत्र सस्थान | पूर्नवाहाली | महासंघको सर्म्पकमा आएकाको पूर्नवाहाली भएको |
| ८६ | सम्पूर्ण कार्यरत पत्रकार | रेडियो सगरमाथा | नियमित पारिश्रमिक | सम्वादपछि पारिश्रमिक उपलब्ध भएको |
| ८७ | १ जना | रेडियो सगरमाथा | घटुवा | सम्वादमा घटुवा वदर गराइएको |
| ८९ | ९ जना | जनता टेलिभिजन | पारिश्रमिक | सहमति |

| | | | | |
|---|---|---|---|---|
| ९० | १ जना | एनविआई टिभि अनलाइन | पारिश्रमिक | सहमति |
| ९१ | ४ जना | अन्नपूर्ण पोष्ट | पारिश्रमिक सेवा सुविधा | सहमति |
| ९२ | ११ जना | अन्नपूर्ण पोष्ट | पारिश्रमिक सेवा सुविधा | श्रम कार्यालयमा पुगेको |
| ९३ | १ जना | अन्नपूर्ण पोष्ट | पारिश्रमिक सेवा सुविधा | प्रेस रजिष्टारले श्रम कार्यालय पठाएको |
| ९४ | १ जना | नेपाल एफएम | पारिश्रमिक | सम्वादका चरणमा |
| ९५ | १ जना | अर्थ डबली | पारिश्रमिक | सहमति |
| ९६ | १ जना | नागरिक दैनिक | पारिश्रमिक सेवा सुविधा | कार्यालय आए मिलाईदिने ब्यवस्थापनले प्रतिवद्धता जनाएको |
| ९७ | १ जना | नागरिक दैनिक | पारिश्रमिक | सहमति |
| ९९ | २४ जना | नागरिक दैनिक | स्टिन्जर/पारिश्रमिक | धर्नापछि सम्वाद/ सहमति |
| १०० | कार्यरत सम्पूर्ण पत्रकार | नागरिक दैनिक | कोभिड कालमा कटौती गरिएको पारिश्रमिक/नियमित पारिश्रमिक | सम्वाद पछि आंशिक सुनुवाई /माग पूर्ण कार्यान्वयनन नभएकोले फेरि सम्वाद, नियमित पारिश्रमिक उपलब्ध गराउने प्रतिवद्धता । |
| १०१ | १ जना | नाइस टेलिभिजन | पारिश्रमिक | सहमति |
| १०२ | ७ जना | नाइस टेलिभिजन | पारिश्रमिक | सहमति |
| १०३ | ७ जना | नाइस टेलिभिजन | पारिश्रमिक | सहमति |
| १०४ | ५ जना | नेपाल लाइभ डटकम | सेवा सुविधा | सहमति |
| १०५ | २ जना | कारोबार दैनिक | पारिश्रमिक | सहमति |
| १०६ | १ जना | एभिन्यूज टेलिभिजन | पारिश्रमिक | सहमति |
| १०७ | १ जना | इमेज टेलिभिजन | पारिश्रमिक सेवा सुविधा | सम्वादका क्रममा |
| १०८ | सम्पूर्ण कार्यरत पत्रकार | इमेज टेलिभिजन | दशैं पेश्की/सेवा सुविधा (प्रतिष्ठानका मागसहित) | धर्ना/आन्दोलनपछि वार्ता सम्वादबाट आंशिक माग पूरा, नियमित पारिश्रमिक लगायत सञ्चयकोषका सवालमा भएको सहमति कार्यान्वयनन नभएपछि फेरि आन्दोलनको घोषणा । |
| १०९ | तीन दर्जन पत्रकार | कान्तिपुर दैनिक | पूर्नवहाली सहित पारिश्रमिक सहितको सेवा सुविधा | आन्दोलनपछि निरन्तर वार्ता र सहमति |
| ११० | सम्पूर्ण पत्रकार | राजधानी दैनिक | पारिश्रमिक | आन्दोलनपछि भएको सम्वादका क्रममा सहमति |
| १११ | १ जना | नेपालबाणी एफएम, इलाम | हाजिर गराउन माग | प्रेस रजिष्टारमा चलिरहेको |
| ११२ | सम्पूर्ण पत्रकार | एभिन्यूज टेलिभिजन | नियमित पारिश्रमिक | पटक पटक सम्वाद |

| | | | | |
|---|---|---|---|---|
| ११३ | १२ जना | गोरखापत्र दैनिक | पूर्नवहाली माग | पूर्नवहाली |
| ११४ | ३ जना | एपीवान टेलिभिजन | सेवा सुविधा | सम्वाद । |
| ११५ | १ जना | स्पेश फोके टिभि | सेवा सुविधा | प्रेस रजिष्टार कार्यालयमा चलिरहेको |
| ११६ | सम्पूर्ण पत्रकार | इकागज डटकम | सेवा सुविधा र पत्रकारमाथीको निगारानी | महासंघले पत्राचारपछि समाधान |
| ११७ | सम्पूर्ण पत्रकार | दि हिमालयन टाइम्स दैनिक | पारिश्रमिक | पत्राचार |
| ११८ | १ जना | युनिभर्सल टिभि | पारिश्रमिक | आंशिक कार्यान्वयन |
| ११९ | १ जना | विश्वखबर डटकम | पारिश्रमिक | सहमति |
| १२० | २ जना | ग्लोक्सी फोर के | पूर्नवाहाली | सम्वाद र पत्राचार गरेको |
| १२१ | एक दर्जन पत्रकार | पचली टिभि | पारिश्रमिक | सम्वादपछि सहमति |
| १२२ | १ जना | अन्नपूर्ण एफएम | पारिश्रमिक | सहमति |
| १२३ | १ जना | न्यूज कारखाना | पारिश्रमिक | सहमति भएपनि कार्यान्वयनयन नभएको |
| १२४ | १ जना | न्यूज २४ | पारिश्रमिक | सहमति |
| १२५ | १ जना | नेपाल लाइभ टुडे | पारिश्रमिक | पत्राचार |
| १२६ | १ जना | बागमती टिभि | पारिश्रमिक | सम्वाद जारी |
| १२७ | १ जना | न्यूज २४ | पारिश्रमिक | पत्राचार |
| १२८ | १ जना | द नेपाल टप दैनिक | पारिश्रमिक | पत्राचार |
| १२९ | ७ जना | नयाँ नेपाल रेडियो रुकुम पश्चिम | पारिश्रमिक समस्या | सहमती |
| १३० | सम्पूर्ण पत्रकार | ग्यालेक्सी टेलिभिजन, काठमाडौं | पारिश्रमिक तथा सेवा सुविधा | प्रेस रजिष्ट्रारमा चलिरहेको |

## अनुसूची २

नेपाल पत्रकार महासंघको मानार्थ सदस्यता प्रदान कार्यविधि-२०८०

प्रस्तावना:

नेपाल पत्रकार महासंघको मानार्थ सदस्यता वितरणमा एकरुपमा कायम गर्न गरी केन्द्रिय समितिको मिति.......को बैठकले अनुमोदन गरी अनुमोदन भएको मिति देखि लागु हुने गरी नेपाल पत्रकार महासंघको मानार्थ सदस्यता प्रदान कार्यविधि-२०८० जारी गरिएको छ ।

परिच्छेद-१

प्रारम्भिक:

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम " नेपाल पत्रकार महासंघको मानार्थ सदस्यता प्रदान कार्यविधि-२०८०" रहेको छ ।

(२) यो कार्यविधी नेपाल पत्रकार महासंघको केन्द्रिय समितले अनुमोदन गरे पश्चात लागु हुनेछ । २.परिभाषा:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"विधान" भन्नाले नेपाल पत्रकार महासंघको विधान २०६० (पाँचौ संशोधन, २०७५) लाई जनाउँछ ।

(ख)"महासंघ" भन्नाले नेपाल पत्रकार महासंघलाई जनाउँछ ।

(ग)"समिति" भन्नाले महासंघको केन्द्रिय समितीलाई जनाउँछ ।

(घ)"सदस्यता" भन्नाले महासंघको सदस्यलाई जनाउँछ ।

परिच्छेद-२

३.उद्देश्य:

नेपाल पत्रकार महासंघको मानार्थ सदस्य प्रदान गर्न एकरुपता कायम गर्ने सम्बन्धमा मापदण्ड तयार गरी सदस्यता प्रदान गर्न सहज बनाउनको लागी ।

४.मानार्थ सदस्यता प्रदान गरिने मापदण्ड: मानार्थ सदस्यता प्रदान गरिने मापदण्ड देहाय बमोजिम हुनेछ ।

क. पत्रकार महासंघमा कुनै पनि संरचनाका संस्थापकहरु ।

ख. ३० वर्ष सक्रिय पत्रकारिता गरेर हाल पत्रकारितामा निष्कृय भएकाहरु ।

ग. पत्रकारिता विषय अध्यापन गर्ने सञ्चार माध्यमसँग कुनै रुपमा जोडिएकाहरु ।

घ. पत्रकार महासंघका कुनै पनि संरचनाको पुर्व अध्यक्षहरु तथा पुर्व पदाधिकारीहरुको हकमा सञ्चार माध्यमसँग जोडिएकाहरु ।

ङ. पत्रकार महासंघका भवन लगायत पुर्वाधार निर्माणमा आर्थिक, भौतिक सहयोग गरेकाहरु ।

च. स्वतन्त्र सेनानीहरु (हाल सञ्चार माध्यममा संलग्न नरहेकाहरु समेत)

छ. पत्रकार महासंघले पुरस्कृत गरेकाहरु ।

ज. महासंघको सुदृढिकरण अभियानलाई सघाउदै स्वघोषणा गरी सदस्यता परित्याग गरेकाहरु ।

झ. वरिष्ठ पत्रकार/सम्पादकहरु ।

ञ. नेपालमा वसी विदेशी सञ्चार माध्यममा काम गरिरहेका स्वदेशी/विदेशी पत्रकारहरु ।

ट. उल्लेखित बुँदाहरुका अतिरिक्त महासंघको उद्देश्य प्राप्तिका लागि विशेष योगदान पुऱ्याएका स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई केन्द्रिय समितीको निर्णयले मानार्थ सदस्यता प्रदान गर्नेछ ।

ठ. उल्लेखित बुँदाहरुमा जेसुकै लेखिएको भएतापनि मानार्थ सदस्यता प्रदान गर्ने/नगर्ने विषयको निर्णयधिकार पत्रकार महासंघ केन्द्रिय समितीलाई हुनेछ ।

५.बचाउः

यो कार्यविधी प्रारम्भ हुनु अगावै प्रदान गरिएका मानार्थ सदस्यहरु यसै कार्यविधीको अधिनमा रही प्रदान गरिएको मानिने छ ।

**अनुसूची ३**

## नेपाल पत्रकार महासंघको सदस्यता शुद्धीकरण कार्यविधि-२०७९

**प्रस्तावनाः**

नेपाल पत्रकार महासंघको सदस्यता शुद्धीकरण वाञ्छनीय भएकाले २०७९, पुस ८ र ९गते सुर्खेतमा सम्पन्न केन्द्रीय साधारणसभाबाट संगठन विभागप्रमुख अर्थात महासचिवको संयोजकत्वमा चार सदस्यीय शुद्धीकरण समिति गठन गरिएअनुसार सो समितिले नवीकरण तथा नयाँ सदस्यता अनुमोदनमा शुद्धीकरण प्रक्रिया पूरा गर्न**'नेपाल पत्रकार महासंघको सदस्यता शुद्धीकरण कार्यविधि-२०७९'** जारी गरिएको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक १. नाम र प्रारम्भ :**

**१)** यो कार्यविधिलाई 'नेपाल पत्रकार महासंघको सदस्यता शुद्धीकरण कार्यविधि-२०७९' बुझिने छ । संक्षेपमा शुद्धीकरण कार्यविधि भनिनेछ ।

**२)** यो कार्यविधिलाई शुद्धीकरण समितिको लोकतान्त्रिक पद्धतिबाट निर्माण र पारित गरी महासंघको सदस्यता नवीकरण तथा नयाँ सदस्यता सुनिश्चत गर्न जारी भएको दिनदेखि लागू हुनेछ ।

**३)** शुद्धीकरण समिति भन्नाले २०७९ साल पुस ८ र ९ गते सुर्खेत केन्द्रीय साधारणसभाले दिएको अधिकारसहितको म्यान्डेटबाट गठित शुद्धीकरण समिति बुझिने छ ।

**४)**शुद्धीकरण कार्यविधि महासंघका सदस्य, केन्द्रीय समिति, प्रादेशिक समिति, शाखा समिति र सदस्यता प्रदान तथा खारेजका लागि सिफारिस गर्ने र अन्तिम निर्णय लिने निकायहरूका लागि लागू हुनेछ ।

**५)**यो शुद्धीकरण कार्यविधिले महासंघको विधानधारा १३ र ३८ तथा ४३समेत बमोजिम केन्द्रीय साधारणसभा र केन्द्रीय समितिको अधिकार बमोजिम भएको मानिने छ ।

**२. परिभाषा तथ्य अन्य प्रस्टिकरण :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

**१)**यस कार्यविधिमा प्रयोग हुने पत्रकारको परिभाषा, महासंघको सदस्यताको योग्यता, समाप्तिलगायतका विषयहरूको परिभाषा तथा प्रस्टिकरणका लागि महासंघको विधान २०६०को पाँचौ संशोधन २०७५ परिभाषा तथा प्रावधानहरू अनुसार हुनेछ ।

**२)** शुद्धीकरण भन्नाले नेपाल पत्रकार महासंघको सदस्यता शुद्धीकरण कार्यविधि २०७९ बमोजिमको शुद्धीकरण बुझिनेछ ।

**परिच्छेद २**

**३) कार्यविधिको उद्देश्य :**

**१)** महासंघमा आबद्ध पत्रकारहरूको छवि धुमिल पार्ने गरी पत्रकारिता पेशाको आवरणमा अवाञ्छित प्रवेश तथा तिनको प्रभावमा परी हुने गरेको गैरव्यवसायिक क्रियाकलाप र महासंघको सदस्य भएपछि अवसरका आधारमा अन्य पेशा अपनाउँदा पनि महासंघको सदस्यता त्याग गर्न नसकेका सदस्यहरूको कारण पत्रकारिता क्षेत्रमाथि लाग्न सुरु भएको लाञ्छनासमेतलाई ध्यान दिएर पत्रकार र पत्रकारिताको छवि, आचरण तथा मर्यादामा दाग लगाउन गरिएको प्रवृत्तिको दुरुत्साहन हुने गरी क्रियाशील तथा आचारसंहिताको अनुशरण गर्न लगाई मर्यादित,उत्तरदायी र जिम्मेवार पत्रकारितालाई प्रोत्साहनका लागि सदस्यता नवीकरण तथा नयाँ सदस्यतामा शुद्धीकरण प्रक्रियालाई  थप सुनिश्चित गरिनु हुनेछ ।

### ४. सदस्यता प्राप्ति,समाप्ति तथा खारेजी

१) सदस्यता प्राप्ति महासंघको विधान बमोजिम हुनेछ ।

२) सदस्यता नवीकरण महासंघको विधान बमोजिम हुनेछ ।

३) सदस्यता खारेजी महासंघको विधान बमोजिम हुनेछ ।

### ५.सदस्यता शुद्धीकरण

१)यसअघि सदस्यता प्राप्त सदस्यहरूको संख्या मध्ये स्वघोषितरूपमा सदस्यता परित्याग गर्ने, महासंघको कारबाही समेतको प्रक्रियाबाट हटी हटाइ यो शुद्धीकरण समिति बन्न अघि बाँकी रही कायम रहेका सदस्यहरूको संख्यालाई शुद्धीकरण समितिको कार्यक्षेत्र भित्रका सदस्यहरू भएको मानिने छ ।

२) बहालबाला केन्द्रीय समितिसमेतको पदावधि रहेसम्म महासंघको नयाँ नेतृत्व चयन गर्न मतदान प्राप्त गर्ने गरी नयाँ योग्य सदस्यहरूको सदस्यता दिने मान्य अवधि भर शाखा समितिहरूमा दर्ता भइ कायम हुने नयाँ सदस्यहरूको संख्यालाई शुद्धीकरण समितिको कार्य क्षेत्र भित्रका  सदस्यहरू भएको मानिने छ ।

३) नेपाल पत्रकार महासंघको विधानको धारा पाँचको उपधारा (१) र (२) बमोजिम यकिन गरिएको सदस्यहरूमा घुसपैठ भइ रहेका सदस्य, अन्य पेशा व्यवसायलाई मूल पेशा व्यवसाय अप्नाएर बसेका, राजनीतिक दलका सदस्य भइ राजनीतिक क्षेत्रमा क्रियाशील रहेका, शिक्षण, प्राध्यापन तथा सरकारी एवं निजीक्षेत्रका ठूला प्रतिष्ठानका प्रभावशाली कर्मचारीको रूपमा बहाल रहेकाको पहिचान गरी अयोग्यताका प्रमाण सबुतका आधारमा तिनलाई स्वेच्छिकरूपमा सदस्यता नवीकरण नगर्न वा नयाँ सस्दयता नलिन आग्रह गर्ने ।

४) नवीकरण तथा नयाँ सदस्यताकोआवेदन लिने र विधान बमोजिमको योग्य क्रियाशील मुख्य पेशा अपनाएकाहरूको सिफारिश गर्ने शाखा समितिले शुद्धीकरणको घेरा पर्न गएका सदस्यहरूलाई सदस्यता त्याग गर्न आग्रह गर्ने ।

५) शाखा समितिको आग्रह बमोजिम सदस्यता त्याग गर्ने सदस्यहरूलाई सम्मान कार्यक्रमको आयोजना गरी बिदाई गर्ने र त्यसको लगत प्रदेश तथा केन्द्रमा जानकारी लिईदिई लगत अद्यावधिक गरिने गराइने छ ।

६) सुरुको निकायको आग्रहलाई बेवास्ता गरी विवादित सदस्यता नवीकरण तथा नयाँ सदस्यता प्राप्तिका लागि केन्द्रीय कार्यालयमा प्रयास गर्न खोज्दा लाग्ने सामान्य दस्तुरको दोब्बर दस्तुर तिरी आवेदन गर्नुपर्छ ।आवेदकको दाबी योग्य नठहरिए दोब्बर दस्तुर फिर्ता गरिने छैन् । योग्य ठहरिएमा आवश्यक दस्तुर विधानसम्मत लिएर बाँकी दस्तुर फिर्ता गरिने वा अग्रिम सदस्यता दस्तुरबापत मिनाहा माफी फरफारक गरी हिसाब मिलान गरिने छ ।

७) सदस्यता नवीकरण गराउने सदस्यले सदस्यता नवीकरण गराउँदाका बखत पत्रकारिता मूल पेशा व्यवसाय नभए त्यस्ता सदस्यले नवीकरण गराउन मिल्ने  छैन् । पत्रकारिता मूल पेशा नभएपनि ढाँटी नवीकरण गरिएको पाइए वा सो अनुसारको ऊजुरी साबित भए सोही बखत सदस्यता खारेज हुने र भएको मानिनेछ ।

८) सदस्यता नवीकरणका लागि शुद्धीकरणका लागि कायम भएको सदस्यहरूको सूची सार्वजनिक गरिने अवधि अघि उजुरी परी विवादमा रहेका सदस्यहरू बाहेक मध्येबाट आफु क्रियाशील योग्य पत्रकार रहेको भनी  दुई जनाको सिफारिस गरी पठाउनु पर्नेछ।

९) शाखा समितिले ऊजुरी नपरेका सदस्यता नवीकरण तथा नयाँ सदस्यताका आवेदनहरू अन्तिम निर्णयका लागि केन्द्रीय समितिमा पठाउने छ ।

१०) सदस्यता नवीकरण र नयाँ सदस्यताको सिफारिशका लागि शाखाले विधान तथा शुद्धीकरण कार्यविधि

अनुसार योग्य ठहरिने सदस्य तथा सम्भावित सदस्यहरूको सूची सार्वजनिक गरी ऊजुरीको लागि सूचना टाँस गरेको ७२ घन्टाको समय दिई ऊजुरी लिई ऊजुरी उपर छलफल गरी केन्द्रमा विवादित र निर्विवादित नवीकरण सदस्य तथा सम्भावित सदस्यको सूची प्रदेश तथा केन्द्रमा अन्तिम निर्णयका लागि पठाइने छ ।

११) सदस्यता नवीकरण र नयाँ सदस्यताको लगत अनुसूचीको तालिका अनुसार तयार गरिने छ ।

१२) यस कार्यविधि अनुसार शुद्धीकरणका लागि सबुत प्रमाण जुटाउने शाखा समिति, प्रदेश समिति र केन्द्रीय समितिसमेतबाट हुने कार्यहरूलाई शुद्धीकरण समितिको कार्य मानिनेछ ।

## परिच्छेद - ३ कार्यान्वयन तथा संशोधन

१) शुद्धीकरण समितिका सदस्यहरूले यो कार्यविधिमा हस्ताक्षर गरेपछि लागू हुनेछ ।

२) यो शुद्धीकरणको कार्यविधि कार्यान्वयनको प्रक्रियामा केही नीतिगत समस्या देखिएमा शुद्धीकरण समितिले विधान बमोजिम अन्तिम बाधा फुकाउने छ ।

३) नेपाल पत्रकार महासंघको 'नयाँ सदस्यता र सदस्य नवीकरण सम्बन्धमा शुद्धीकरण मापदण्ड-२०७९' अभिन्न अंग बन्ने छ ।

## नेपाल पत्रकार महासंघको नयाँ सदस्यता र सदस्य नवीकरण सम्बन्धमा शुद्धीकरण मापदण्ड-२०७९

**१.** वैशाख २५ गतेसम्म केन्द्रीय समितिले सबै सदस्यको विवरण आफ्नो वेबसाइट, फेसबुक पेज, ट्विटरलगायतबाट सार्वजनिक गर्ने, प्रदेश समितिले मातहतका सदस्यको नाम आफ्नो वेभसाइट तथा सामाजिक सञ्जालमार्फत् सार्वजनिक गर्ने, शाखा समिति तथा एसोसिएट संस्थाले वेभसाइट वा आफ्नो सामाजिक सञ्जालमार्फत् सदस्यता विवरण सार्वजनिक गर्ने । शुद्धीकरणका लागि प्रदेश समितिले महासचिव अनिवार्य रहेको समिति तत्काल गठन गरेर सम्पर्क नम्बरसहितको विवरण केन्द्रीय समितिलाई उपलब्ध गराउने । शाखा समितिले पनि आवश्यक समिति निर्माण गर्न सक्नेछन् ।

**२.** सार्वजनिक भएका साधारण सदस्यले कुन सञ्चारमाध्यममा र कहिलेदेखि (विगतमा काम गरेको र अहिले काम गरिरहेको संस्थाको नामसमेत) काम गरिरहेको भन्ने विवरण शाखा समितिले जेठ २५ गतेसम्म प्रदेश समितिमा पठाउने र प्रदेश समितिले उपलब्ध विवरण अध्यावधिक गरेर जेठ ३० गतेसम्म केन्द्रीय कार्यालयमा पठाउने । नवीकरणका हकमा महासंघको विधानको दफा ५ को उप-दफा (६) अनुसार व्यक्तिगत विवरण एक पटकका लागि (काम गरिरहेको विवरण खुल्ने कागजातहरु जस्तै, नियुक्तिपत्र वा परिचयपत्र वा संस्थागत कर्मचारी विवरणसहितका कागजात) शाखामा अनिवार्य उपलब्ध गराउने । त्यसरी प्राप्त फोटोसहितको पूर्ण डिजिटल विवरण (आवश्यक कागजातसहित) शाखाले एक-एक प्रति प्रदेश र केन्द्रीय कार्यालयलाई उपलब्ध गराउने ।

**३.** उपलब्ध नाम तथा काममा चित्त नबुझेमा उजुरी गर्नका लागि असार १० गतेसम्मको समय निर्धारण गरिएको छ। प्राप्त उजुरी उपर प्रदेश समितिले बनाएको समितिलेआवश्यक छानवीन गरेर केन्द्रीय कार्यालयलाई असार २५ गतेसम्म जानकारी गराउने । केन्द्रमा प्राप्त सबै नाममध्ये विवादित नामका सन्दर्भमा शुद्धीकरण समितिको कार्यविधिअनुसार तत्काल टुंगो लगाउने ।

**४.**नयाँ सदस्यको हकमा हरेक शाखा समितिले जेठ १० गतेसम्म आवेदन लिने, आवेदनका क्रममा कहिलेदेखि कुन मिडियामा काम गरेको भन्ने प्रष्ट खुल्ने कागजात संकलन गर्ने र विधानको व्यवस्थाको पूर्ण कार्यान्वयन गरेर व्यक्तिगत फाइल नै खडा गर्ने । नयाँ सदस्यताको आवेदन उपर शाखा समितिले निर्णय लिएर प्रदेश समितिमा सिफारिस गर्ने तथा प्रदेश समितिले उक्त नामका सन्दर्भमा विवरणसहित सार्वजनिक गर्ने र जेठ २५ गतेसम्म उजुरी आव्हान गर्ने । प्रदेश समितिले असार १ गतेसम्म नयाँ सदस्यता स्वीकृति गरी अभिलेखका

लागि केन्द्रीय कार्यालयलाई सिफारिस गर्ने ।

**५.** सदस्य नवीकरण र नयाँ सदस्यता सिफारिसका सन्दर्भमा शाखा समितिले सर्वसम्मत सिफारिस गरेका हकमा प्रदेश समितिले यहीँ मापदण्डका आधारमा निर्णय गरेर केन्द्रीय कार्यलयमा अभिलेखिकरणका लागि पठाउने । शाखाको कार्यसमितिमा विवाद भएको वा सर्वसम्मत नभएकाको वा उजुरी परेकाको हकमा प्रदेश समितिले उत्पन्न विवाद यही मापदण्डका आधारमा टुंगो लगाउने । तर, त्यसरी प्रदेश समितिमा पनि सर्वसम्मतरुपमा निर्णय हुन नसकेकाको हकमा भने शुद्धीकरण समितिले आफ्नो कार्यविधिअनुसार अन्तिम टुंगो लगाउने ।

**६.** प्रतिष्ठान प्रदेश अन्तरगतका शाखामा विधानअनुसारको संख्या नपुगेमा शाखा मर्जर गर्ने वा सदस्यलाई आफू खुसी जान चाहेको शाखामा स्थानान्त्रणका लागि समय दिने वा खारेजीका लागि प्रदेश समितिले केन्द्रमा सिफारिस गर्ने र शुद्धीकरण समितिले सो सिफारिस र विधानको व्यवस्थाअनुसार शाखा कायम राख्न संख्या नपुगेकाको हकमा आवश्यक निर्णय लिने ।

**७.** विधानको दफा ५(६) मा सदस्यता नवीकरणका लागि पत्रकारितामा निरन्तर संलग्न रहेको प्रमाण पेश गर्नु पर्ने प्रावधान रहेकाले सदस्य नवीकरण गर्दा पत्रकारिता क्षेत्रमा ३ वर्ष वा त्योभन्दा धेरै समयदेखि क्रियाशील नभएका व्यक्तिहरूलाई स-सम्मान बिदाई गर्ने र आवश्यक परेको अवस्थामा मानार्थ सदस्यतामा रूपान्तरण गर्न शाखा समितिले आवश्यक निर्णय लिने । उक्त निर्णयलाई प्रदेश समितिले अनुमोदन गरेर केन्द्रीय समितिमा पठाउने ।

**८.** विधानको दफा ३२ (२) मा महासंघका केन्द्रीय समिति, प्रदेश समिति वा शाखा समितिका पदाधिकारी तथा सदस्यले सो पदमा बहाल रहेसम्म कुनै राजनीतिक दल वा भ्रातृ संगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गर्न नपाउने व्यवस्था गरिएकाले महासंघका केन्द्रीय समिति, प्रदेश समिति र शाखा समितिका पदाधिकारी तथा सदस्यहरु राजनीतिक दल वा भ्रातृ संगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गरेको पाइएमा सदस्यता नवीकरण नगर्ने । राजनीतिक दलका केन्द्र, प्रदेश, जिल्ला र गाउँपालिका स्तरसम्मका सबै समितिका पदाधिकारीलाई सदस्यता पनि नदिने र नवीकरण पनि नगर्ने । प्रेस हेर्ने विभाग वा प्रेस सम्बद्ध संघसंस्थाका हकमा भने यो व्यवस्था लागू हुने छैन ।

**९.** मिडिया हाउसको व्यवस्थापक, बजार प्रतिनिधि, प्रशासनमा काम गर्नेहरुको हकमा सदस्यता नवीकरण नगर्ने र नयाँ सदस्यता पनि नदिने नीति पूर्णरुपमा लागू गर्ने ।

**१०.**जनप्रतिनिधि, निजामती स्थायी कर्मचारी (सेना, निजामति, प्रहरी, गुप्तचर, सुरक्षाकर्मीसमेत), अस्थायी, करार, सेवा आयोगहरु मार्फतका सरकारी कर्मचारी, मिडिया संस्थानबाहेकका संस्थानमा कार्यरत कर्मचारी, सरकारी कार्यालयमा करार कर्मचारीको हकमा नयाँ सदस्यता पनि नदिने र सदस्य कायम रहेको अवस्थामा नवीकरण नगर्ने । सरकारी तथा गैरसरकारी क्षेत्र, बित्तिय (सहकारी, बैंक, फाइनान्स) मा पूर्णकालीन जुनसुकै पेशामा आवद्ध भएको वा मुख्य पेशा, व्यवसाय अन्य बनाएर कहिले काहीँमात्रै पत्रकारिता गर्नेको हकमा पनि नयाँ सदस्यता प्रदान नगर्ने तथा नवीकरण नगर्ने ।

**११.**एसोसिएट संस्थाको हकमा जेठ मसान्तसम्म संस्था दर्ता, नवीकरणलगायतका अध्यावधिक विवरण (गत असार मसान्तसम्मको) प्रदेश समिति र केन्द्रीय कार्यालयमा उपलब्ध गराउने । संस्था दर्ता तथा नवीकरणलगायतका कागजात अद्यावधिक नगर्ने संस्थालाई विधानको दफा ५ अनुसार आवद्धता सदस्यता प्रदान नगर्ने र साधारण सदस्यताका सम्बन्धमा शुद्धीकरण समितिले एसोसिएट प्रदेशको समन्वयमा आफ्नो मापदण्डमा रहेर आवश्यक निर्णय लिने । एसोसिएट संस्थाले महासंघको सदस्यता कायम गर्नका लागि

महासंघको विधानअनुसारका योग्यता पुगेका व्यक्तिलाई मात्रै सदस्यता दिने व्यवस्था मिलाउने ।

**१२.** केन्द्रीय साधारणसभाको अधिकारसहित म्याण्डेट, लुम्बिनीमा सम्पन्न राष्ट्रिय मिडिया सम्मेलनअनुसार साउन १ गतेसम्म शुद्धीकरण समितिले दिएको प्रतिवेदन अनुसार केन्द्रीय समितिले सदस्यता सम्बन्धि विवरणलाई सूचीकरण गर्ने । विधानको दफा ५ को उप-दफा (८) अनुसार साउन १ गतेसम्म कायम सदस्यले मात्रै आउँदो महासंघको चुनावमा मतदानमा भाग लिन पाउने व्यवस्था मिलाउने ।

**१३.** विभिन्न पेशा व्यवसायमा आवद्ध भएर पनि पत्रकारिता क्षेत्रमा आंशिक क्रियाशील भएका व्यक्तिलाई स्वघोषणा गरेर सक्रिय सदस्यता त्यागनका लागि शाखा समितिले सुरुवातमै आव्हान गर्ने । त्यसरी सदस्यता त्याग गरेको लिखित जानकारी गराउने सदस्यलाई सम्मानसहित शाखाले विदाइ गर्ने र आवश्यकताका आधारमा मानार्थ सदस्यता प्रदान गर्ने ।

**१४**. पत्रकारिताबाहेकको अन्य कामका लागि विदेश गएका महासंघका सदस्यको हकमा ६ महिना भन्दा धेरै समय विदेशमा रहेको अवस्थामा सदस्यता निलम्वन गर्ने प्रावधानलाई लागू गरिनेछ । तर, वैदेशिक शाखा नियमावलीअनुसार महासंघका वैदेशिक शाखा र आवद्ध संस्थामा सदस्यता सार्नसक्ने प्रबन्ध मिलाउने । त्यसैगरी सदस्यता स्थानान्तरण गर्दा महासंघका अन्य सदस्य समान पत्रकारिताको क्रियाशीलताको प्रमाण पेश गर्नुपर्नेछ । नयाँ सदस्यताको हकमा विधानअनुसारको मापदण्ड लागू हुने ।

१५. महासंघको यो शुद्धीकरण अभियानलाई कार्यान्वयन गर्ने कम्तिमा १० वटा शाखा र उत्कृष्ट प्रदेश समितिलाई केन्द्रीय महाधिवेशनमा सम्मान गरिनेछ । तोकिएको समायावधिभित्र तोकिएका समितिहरुले काम सम्पन्न नगरेमा शुद्धीकरण समितिले आफ्नो कार्यविधिमा रहेर काम टुंगो लगाउने ।

**शुद्धीकरण समितिः**

१. रोसन पुरी, महासचिव

२. उजिर मगर, पूर्वमहासचिव

३. रामप्रसाद दाहाल, निवर्तमान सचिव

४. धर्मेन्द्र कर्ण, पूर्वसचिव

**१३ वैशाख, २०८०**